# वार्षिक प्रतिवेदन




गण्डकी प्रदेश सरकार

## गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

२०८० आश्विन

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को दफा २३ को व्यवस्था अनुसार प्रस्तुत

आर्थिक वर्ष २०७९/८०

# वार्षिक प्रतिवेदन




गण्डकी प्रदेश सरकार

## गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

२०८० आश्विन

**आर्थिक वर्ष २०७९/८०**

**वार्षिक प्रतिवेदन**

प्रतिलिपि अधिकार © गण्डकी प्रदेश नीति तथा योजना आयोग

**प्रकाशकः**
गण्डकी प्रदेश सरकार
**गण्डकी प्रदेश नीति तथा योजना आयोग**
पोखरा, नेपाल
फोनः ०६१-४६४८४१
Email: pppcgandaki@gmail.com
Website: ppc.gandaki.gov.np

# गण्डकी प्रदेश नीति तथा योजना आयोग



माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे
अध्यक्ष



डा. कृष्णचन्द्र देवकोटा
उपाध्यक्ष



श्री लक्ष्मी कुमारी बस्नेत
प्रमुख सचिव एवम् पदेन सदस्य



डा. सुबास अधिकारी
सदस्य



श्री अञ्चला चौधरी
सदस्य



श्री वलराम रिज्याल
आर्थिक मामिला सचिव एवम् पदेन सदस्य



श्री ऋषिराम तिवारी
आयोगका सचिव एवम् सदस्य सचिव

प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्र संख्याः २०८०/८१ मितिः २०८०/०६/२२

च.नं

माननीय मुख्यमन्त्रीज्यू,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

गण्डकी प्रदेश, पोखरा।

**आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत गरेको।**

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७८ को दफा २३ को व्यवस्था अनुसार यस आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका प्रमुख कार्य तथा हासिल गरेका उपलब्धिहरुको वार्षिक प्रतिवेदन आयोगको मिति २०८०।०६। गतेको निर्णयानुसार प्रस्तुत गरेको व्यहोरा सादर अनुरोध गर्दछु।

..............................

(ऋषिराम तिवारी)

सदस्य सचिव

# दुई शब्द

गण्डकी प्रदेश नीति तथा योजना आयोगले गण्डकी प्रदेशको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने, तहगत समन्वय गर्ने, अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्ने जिम्मेवारी निर्वाह गर्दै आएको छ। यस आयोगले गण्डकी प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा, क्षेत्रगत रणनीतिहरुको तर्जुमा, त्यसको कार्यान्वयनमा सहजीकरण, नयाँ विकास कार्यक्रमहरुको लेखाजोखा र मूल्याङ्कन लगायतका कार्यहरु सम्पादन गर्दै आएको छ। साथै, प्रदेशको तथ्याङ्क प्रणालीलाई सबल बनाउँदै तथ्य प्रमाणमा आधारित नीति तथा योजना र कार्यक्रम अघि बढाउन आयोगले प्रयास गर्दै आएको छ। विकास कार्यक्रम र आयोजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न कार्यक्रम र आयोजनाको छनौटमा उपयुक्त मापदण्डहरुको तर्जुमा, कार्यान्वयनमा सम्बद्ध निकायबिचको उच्चस्तरको समन्वय र तीन तहबिचको समन्वय र सहकार्य मजबुत बनाउदै लैजानुपर्ने आवश्यकता देखिएको छ। प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण र वितरण सहित अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुको अध्ययन गरी हरेक वर्ष मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ। गठन तथा कार्यसञ्चालन सम्बन्धी आदेश एवम् सम्बद्ध कानुनको परिधिमा रही आयोग आफ्ना वार्षिक कार्यक्रम र क्रियाकलापहरु सञ्चालनमा आयोग कटिबद्ध छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को दफा २३ को व्यवस्था अनुसार यस आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका मुख्य-मुख्य कामहरु संकलन गरी यो वार्षिक प्रतिवेदन पुस्तकका रुपमा प्रकाशन गरेको छ।

यस क्रममा आयोगको समग्र काममा नेतृत्व तथा अभिभावकत्व प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री एवम् यस आयोगका अध्यक्षज्यूमा आभार व्यक्त गर्दछु। साथै आयोगको कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै प्रतिवेदन तयारीमा योगदान पुर्याउनु हुने आयोगका सदस्यहरु, सदस्य-सचिव, प्रतिवेदन तयारीका लागि खट्ने कर्मचारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु।

...................................

**डा. कृष्णचन्द्र देवकोटा**

उपाध्यक्ष

२०८० आश्विन

# विषयसूची


**परिच्छेद-एक** ........ **१**

प्रारम्भिक ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ गण्डकी प्रदेश नीति तथा योजना आयोगको परिचय ........ १

१.३ गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन ........ १

१.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार ........ २

१.५ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था ........ ७

**परिच्छेद-दुई** ........ **१०**

गण्डकी प्रदेश नीति तथा योजना आयोगले सम्पादन गरेका कार्यहरू ........ १०

२.१ वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन ........ १०

२.२ अनुगमन तथा मूल्याङ्कन ........ ११

२.३ तहगत समन्वय एवम् सहकार्य तथा अन्य कार्यहरू ........ १२

२.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण ........ १३

२.५ आयोगबाट सम्पादित अन्य कार्यहरू ........ १६

**परिच्छेद-तीन** ........ **१७**

विकास व्यवस्थापनका वर्तमान अवस्था, समस्या र चुनौती ........ १७

३.१ विद्यमान अवस्था ........ १७

३.२ विकास व्यवस्थापन सम्बन्धी समस्या ........ १७

३.३ विकास व्यवस्थापनका लागि गरिएका सुधारहरू ........ १९

३.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगले सामना गरेका समस्या तथा चुनौतीहरू ........ १९

३.५ गण्डकी प्रदेश नीति तथा योजना आयोगले आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू ........ २०

३.६ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरू ........ २१

**अनुसूचीहरू** ........ **२२**

अनुसूची - १ गण्डकी प्रदेश नीति तथा योजना आयोगको संगठन संरचना ........ २२

अनुसूची - २ आयोगका पदाधिकारीज्यूहरू लगायत कर्मचारीहरूको विवरण ........ २३

अनुसूची - ३ प्रदेश विकास समस्या समाधान समितिको स्वरुप ........ २४

अनुसूची - ४ प्रदेश विकास समस्या समाधान समितिको आ.व २०७९/८० मा भएका पाँचौं र छैटौं........ २५

अनुसूची - ५ गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्ण बैठकका निर्णयहरू ........ ३५

अनुसूची - ६ प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिका बैठकका निर्णयहरू ........ ३८

अनुसूची - ७ प्रथम पञ्चवर्षीय योजनाको नतिजा खाकाको प्रगति ........ ४०

अनुसूची - ८ मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७९/८०-२०८१/८२) ........ ४५

अनुसूची - ९ आर्थिक वर्ष २०७९/८० को विकास कार्यक्रम तथा बजेट ........ ६३

गण्डकी प्रदेश नीति तथा योजना आयोगको पदाधिकारीहरू तथा कर्मचारीहरू ६४

# परिच्छेद-एक

**प्रारम्भिक**

## १.१ पृष्ठभूमि

गण्डकी प्रदेशको तीव्र आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उद्देश्य सहित गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो। नेपालको वर्तमान संविधान बमोजिम वि.सं. २०७४ फागुन ४ गते प्रदेश सरकार स्थापना भई २०७५ साउन ६ गते प्रदेश नीति तथा योजना आयोग गठन भएको थियो भने आयोगले २०७५ साउन २२ गतेदेखि औपचारिक रुपमा आफ्नो कार्य प्रारम्भ गरेको थियो। आयोग हाल "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित)" अनुसार प्रदेश सरकारद्वारा गठित विशिष्टीकृत निकायको रुपमा सञ्चालित छ।

यस आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था, गत आर्थिक वर्षमा सम्पादित प्रमुख कार्यहरू तथा उपलब्धि, आयोगको कामकारवाहीमा देखापरेका समस्या तथा चुनौतीहरू र आयोगको भावी कार्यदिशा समेटेर गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) को दफा २३ को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। आयोगको कार्य जिम्मेवारी भित्र रही गत वर्ष प्रदेश विकास समस्या समाधान समितिको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्था, आयोगबाट भएका आन्तरिक मूल्याङ्कनका निचोड, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्बन्धी मापदण्ड र मार्गदर्शन, विनियोजित बजेट र खर्चको अवस्था, आयोगका बैठकहरूबाट भएका निर्णयहरू तथा आयोगबाट भएका मुख्य अध्ययनका निचोडहरूलाई प्रतिवेदनको अनुसूची खण्डमा समावेश गरिएको छ।

## १.२ गण्डकी प्रदेश नीति तथा योजना आयोगको परिचय

गण्डकी प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशको तीव्र आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासको लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्न र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उपल्लो निकाय हो। यस आयोगले आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दै आएको छ। यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि प्रादेशिक निकायको रूपमा कार्य गर्दछ। यसैगरी प्रदेशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ। यसबाहेक नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधान गर्ने संस्थाको रूपमा समेत सेवा प्रदान गर्दछ।

## १.३ गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन

आयोगको वर्तमान संगठन संरचना र यसका विभिन्न कार्यहरू गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७४।११।२८ को निर्णयानुसार स्वीकृत गठन तथा कार्य सञ्चालन आदेश, २०७४ मा व्यवस्था गरिएको थियो। हाल आयोगको काम, कर्तव्य, अधिकार र जिम्मेवारी गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित) बमोजिम व्यवस्थित छ। जस अनुसार गण्डकी प्रदेशमा तीब्र आर्थिक

प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न एक गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ।

आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने व्यवस्था छ।

| | | |
|---|---|---|
| (१) | मुख्यमन्त्री | अध्यक्ष |
| (२) | प्रदेश सरकारबाट नियुक्त एकजना | उपाध्यक्ष |
| (३) | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुईजना | सदस्य |
| (४) | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| (५) | प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| (६) | सचिव, | प्रदेश नीति तथा योजना आयोग सदस्य-सचिव |

माथि (ख) र (ग) बमोजिम उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषयविज्ञ मध्येबाट नियुक्ति गरिने व्यवस्था छ।

आयोगमा प्रशासन, आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास तथा अनुगमन, अनुसन्धान तथा तथ्याङ्क गरी ४ वटा शाखाहरू रहेका छन्। प्रदेश सरकारले स्वीकृत गरे अनुरुप आयोगको प्रशासनिक काम कारवाहीका लागि सदस्य-सचिव सहित २३ जना जनशक्ति रहने व्यवस्था रहेको छ। आयोगको संगठन संरचनाको स्वरुप अनुसूची १ मा संलग्न छ।

यस आयोगको भूमिका र कार्य जिम्मेवारीहरू प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा समेत उल्लेख छ।

## १.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार

आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ

**(क) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन**

(१) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

(२) औचित्यता र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई सहजीकरण गर्ने,

(३) कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने,

(४) प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आकलन गर्ने ।

**(ख) अनुगमन तथा मूल्याङ्कन**

(१) प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नु पर्ने सुधार गर्ने, गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबिच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**(ग) तहगत समन्वय**

(१) संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) प्रदेश सरकारका क्षेत्रगत नीतिहरूमा परामर्श दिने,

(३) आयोजना बैंक सम्बन्धी कार्य गर्ने।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण**

(१) प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) सार्वजनिक, निजी एवम् गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिश गर्ने,

(४) विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

(५) क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

**(ङ) अन्य**

(१) प्रदेश सरकार मातहतका मन्त्रालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमहरूको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,

(२) प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्ग चित्र , नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासन समेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

(५) प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

(६) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

(८) संघ, प्रदेश तथा स्थानीय तहको सह लगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक

काम गर्ने,

(९) प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने,

(१०) निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने,

(११) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयन समेतका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने,

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने,

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने,

(१४) सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्वमूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने।

**प्रचलित कानुन तथा अन्य आदेश बमोजिम आयोगका काम, कर्तव्य र अधिकार**

**(क) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८**

**१. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने (ऐनको दफा ५)**

- नीति तथा योजना आयोगले आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने,
- नीति तथा योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने।

**२. स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने**

- नीति तथा योजना आयोगले आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने,
- नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक प्रदेश स्रोत अनुमान समिति रहने,
- स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि प्रदेशको स्रोत अनुमान गर्नु पर्ने,
- स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने,
- स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नुपर्ने।

**३. बजेट सीमा र मार्गदर्शन पठाउने दायित्व नीति तथा योजना आयोगको रहेको**

- नीति तथा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा

रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन पन्ध्र गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा पठाउनु पर्ने।

**४. बजेट प्रस्तावमा छलफल गरी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने**

- लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने,
- नीति तथा योजना आयोगले प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्मस्, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नु पर्ने।

**(ख) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९**

**१. मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समय सीमा**

- नीति तथा योजना आयोगले ऐनको दफा ५ बमोजिम मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व हुनेगरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी चैत मसान्तभित्र तयार गर्नुपर्ने।
- प्रदेश सरकारका प्रत्येक मन्त्रालयले उपनियम १ बमोजिमको मध्यमकालीन खर्च संरचनाको खाकाको आधारमा देहायको विवरण समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी वैशाख पन्ध्र गते भित्र नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्नेछ

क. आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल,

ख. तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट,

ग. गत आर्थिक वर्षको यथार्थ खर्च र चालु आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका,

घ. तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका।

**२. बजेट तर्जुमा प्रक्रिया**

(१) केन्द्रीय निकायले ऐनको दफा ७ बमोजिम नीति तथा योजना आयोगबाट बजेट मार्गदर्शन प्राप्त भएपछि सोको अधीनमा रही आफ्नो कार्यालय वा निकायको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची-१ बमोजिमको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम र नीति तथा योजना आयोगले तोकेको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्नेछ।

(२) केन्द्रीय निकायले उपनियम (१) बमोजिम बजेट मार्गदर्शन प्राप्त भएको सात दिनभित्र सो मार्गदर्शनमा उल्लिखित बजेट सीमाको अधीनमा रही आफ्नो कार्यालयको आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना प्रस्ताव गरी पठाउन अवधि तोकी मार्गदर्शन तथा

ढाँचा सहित मातहतको कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बजेट मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची-१ बमोजिमको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम र नीति तथा योजना आयोगले तोकेको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी तालुक मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ।

(४) कार्यालयले बजेट तर्जुमा गर्दा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा रही कार्यक्रम वा आयोजनाको लागि मात्र बजेट प्रस्ताव गर्नु पर्नेछ।

(५) कार्यालयले बजेट प्रस्ताव गर्दा आफ्नो कार्यालयबाट राजस्व उठ्ने भएमा सोको अनुमान समेत पेश गर्नु पर्नेछ।

(६) कार्यालयको बजेट तर्जुमा गर्दा प्रदेश आयोजना बैंकमा प्रविष्ट भएको, नीति तथा योजना आयोगबाट कार्यान्वयनको लागि स्वीकृत भएको र आर्थिक मामिला मन्त्रालयबाट स्रोत सुनिश्चतता सहित सहमति दिइएको बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गरिने आयोजनाको लागि आवश्यक रकम प्रस्ताव गर्नु पर्नेछ।

(७) कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्याक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।

(८) कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत, गत आर्थिक वर्षसम्मको प्रगति, चालु आर्थिक वर्षको लक्ष्य र छ महिनासम्मको प्रगति विवरण बजेटमा समावेश गर्नु पर्नेछ।

(९) कार्यालयले यस नियम बमोजिम बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना पठाउँदा सोसाथ अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयको चालु आर्थिक वर्षको पहिलो छ महिनासम्मको प्रगति विवरण समेत पठाउनु पर्नेछ।

(१०) उपनियम (३) बमोजिम मातहतको कार्यालयबाट बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना खाका प्राप्त भएपछि लेखा उत्तरदायी अधिकृतले उपनियम (१) बमोजिम तर्जुमा गरेको र मातहत कार्यालयबाट प्राप्त बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनाको विश्लेषण तथा जाँच गरी बजेट मार्गदर्शन र आवधिक योजना अनुरुप उपलब्धिमूलक भए वा नभएको यकीन गरी त्यस्तो बजेट तथा कार्यक्रम स्वीकृत गरी आर्थिक मामिला मन्त्रालय र नीति तथा योजना आयोगमा पठाउनु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम लेखा उत्तरदायी अधिकृतले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सीमाबाट प्रतिबद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र अन्य कार्यक्रमको लागि बजेट स्वीकृत गर्नु पर्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम पठाउँदा बजेट मार्गदर्शनको आधारमा त्रैमासिक विभाजनसहित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत पठाउनु पर्नेछ।

(१३) केन्द्रीय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको सशर्त अनुदान रकमको प्रस्ताव गर्दा चालु कार्यक्रमको निरन्तरता, त्यस्तो खर्चको आवश्यकता, पुष्ट्याइँ र कार्यसम्पादनको आधारमा गर्नु

पर्नेछ।

(१४)ऐन तथा यस नियमावली बमोजिम बजेट तर्जुमा गर्दा बजेट तथा कार्यक्रममा छलफल गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट तथा कार्यक्रम पठाउने र बजेट तथा कार्यक्रम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत प्रविष्ट गर्ने जस्ता कार्य बजेट मार्गदर्शनमा तोकिदिएकोमा सोही बमोजिम र नतोकिएकोमा आर्थिक मामिला मन्त्रालयले तोकिदिएको समय सीमाभित्र सम्पन्न गर्नु पर्नेछ।

**३. आयोजनाको वर्गीकरण**

(१) प्रदेश सरकारले ऐनको दफा १६ बमोजिम आयोजनाको वर्गीकरण गर्दा नेपाल सरकारले अवलम्बन गरेको समग्र विकास नीति, प्रदेशको विकास नीति तथा योजना, प्रदेश कानुन र अन्तरसरकारी वित्त परिषद्समेतको आधारमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आयोजना वर्गीकरण गर्ने आधार तथा मापदण्ड नीति तथा योजना आयोगको सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ।

(ग) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजस्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

(घ) प्रदेश स्रोत अनुमान समितिको गठन

ऐनको दफा ६ को उपदफा २ बमोजिम प्रदेश स्रोत अनुमान समितिको संरचना देहायबमोजिम रहेको छः

| | | |
|---|---|---|
| क. | उपाध्यक्ष, नीति तथा योजना आयोग | - संयोजक |
| ख. | सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), नीति तथा योजना आयोग | - सदस्य |
| ग. | सचिव, आर्थिक मामिला मन्त्रालय | - सदस्य |
| घ. | प्रमुख, नेपाल राष्ट्र बैंक पोखरा शाखा | - सदस्य |
| ङ. | प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| च. | सदस्य-सचिव, प्रदेश नीति तथा योजना आयोग | - सदस्य-सचिव |

यस नियमावलीको नियम १२ मा स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

## १.५ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

### १.५.१ प्रदेश विकास परिषद्

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ९ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा एक प्रदेश विकास परिषद् रहने व्यवस्था छ। उक्त परिषद्मा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभा समितिका सभापतिहरू, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू, प्रमुख सचिव, आयोगको उपाध्यक्ष, आयोगका सदस्यहरू, प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष वा प्रमुख/उपप्रमुख मध्येबाट जिल्ला र भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रदेश सरकारबाट मनोनीत ३३ जना, प्रदेश सचिवहरू, प्रचलित कानुन बमोजिम

स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश भित्रका प्रत्येक जिल्लाबाट एक एक जना गरी प्रदेश सरकारबाट मनोनीत ११ जना र राष्ट्रिय योजना आयोगको प्रतिनिधि सदस्य रहने व्यवस्था रहेको छ। आयोगका सचिवले प्रदेश विकास परिषद्को सदस्य-सचिव भई कार्य गर्ने व्यवस्था छ।
आयोगले तयार गरेको प्रादेशिक योजना परिषद्को बैठकमा छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ।

### १.५.२ प्रदेश विकास समस्या समाधान समिति

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ मा प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था रहेको छ। गण्डकी प्रदेशका विकास नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयमा काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा रहने गरी एक प्रदेशस्तरीय विकास समस्या समाधान समिति रहने व्यवस्था छ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश योजना आयोगका सदस्यहरू, जिल्ला समन्वय महासंघ गण्डकी प्रदेशका अध्यक्ष, नेपाल नगरपालिका संघ गण्डकी प्रदेशका अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, प्रदेश सरकारले तोकेका प्रदेशभित्रका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरू मध्ये नौ जना सदस्यको रुपमा रहने छन् भने प्रदेश नीति तथा योजना आयोगका सचिवले सदस्य-सचिव भई कार्य गर्नेछन्।
प्रदेश विकास समस्या समाधान समितिको स्वरुप अनुसूची ३ मा उल्लेख गरिएको छ।
प्रदेश विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट सञ्चालित कार्यक्रम वा आयोजना कार्यान्वयनको अवस्था र प्रगतिबारे चौमासिक र वार्षिक समीक्षा गर्ने,
(ख) कार्यक्रम वा आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालयगत, नीतिगत एवम् कानूनी विषयमा देखिएका समस्याको समाधान गर्ने,
(ग) कार्यक्रम वा आयोजना कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गराई उचित समाधान गर्ने,
(घ) प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएका विभिन्न प्रकारका अनुदान (सशर्त, समपूरक, विशेष) को उपयोग र सोको नतिजाहरूको प्रगति समीक्षा गर्ने,
(ङ) स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्ने,
(च) प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका राष्ट्रियस्तरका समस्याको समाधानका लागि उपयुक्त उपाय सहितको प्रस्ताव राष्ट्रिय विकास समस्या समाधान समितिमा लैजाने,
(छ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

### १.५.३ प्रदेश स्रोत अनुमान समिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक प्रदेश स्रोत अनुमान समिति रहनेछ।

यसको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने व्यवस्था छ

- प्रदेशको खर्च, राजस्व, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र बजेट कार्यान्वयनको समीक्षा गरी उपलब्ध

हुन सक्ने स्रोतको आकलन गर्ने,

- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारको नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको आवश्यकता आकलन गर्ने,
- सम्भाव्य आर्थिक वृद्धि, राजस्व र अन्य स्रोत परिचालनको परिदृश्य, समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्वको स्थिति र बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने,
- प्रदेशको समग्र आर्थिक अवस्था विश्लेषण गर्ने,
- स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सो समेतको आधारमा मध्यमकालीन समष्टिगत वित्त खाका तयार गर्ने,
- कुल खर्चको सीमाभित्र प्रदेश मन्त्रालयगत खर्चको सीमा बाँडफाँट गर्दा प्रदेश सरकारको प्रतिबद्धता, प्राथमिकता, नागरिकको जीवनस्तरमा सुधार तथा रोजगारीमा वृद्धि, गरिबीको न्यूनीकरणतर्फ बढी स्रोत सुनिश्चित गर्ने,
- प्रदेश स्रोत अनुमान तथा खर्च सीमा निर्धारण सम्बन्धी प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पठाउने।

# परिच्छेद-दुई

## गण्डकी प्रदेश नीति तथा योजना आयोगले सम्पादन गरेका कार्यहरू

आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगबाट सम्पादित मुख्य मुख्य कार्यहरू र सोबाट हासिल गरेका उपलब्धिलाई समावेश गरी यस परिच्छेदमा उल्लेख गरिएको छ।

आयोगको गठन आदेश अनुसार चारवटा विषयगत कार्यक्षेत्र रहेका छन्

(क) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन,

(ख) अनुगमन तथा मूल्याङ्कन,

(ग) तहगत समन्वय र

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण।

आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही माथि उल्लिखित संस्थागत तथा कार्यगत व्यवस्थाका अतिरिक्त आयोगले आफ्नो कार्यक्षेत्र भित्र पर्ने जिम्मेवारीहरू तथा प्रदेश सरकारको निर्णयद्वारा आफूलाई सुम्पने कार्यजिम्मेवारी सम्पादन गर्ने क्रममा आयोगको बैठकबाट निर्णय गरी कार्य सम्पादन गर्दै आएको छ।

आर्थिक वर्ष २०७९/८० को अवधिमा बसेको आयोगको पूर्ण बैठकले गरेका निर्णयहरू अनुसूची ५ मा प्रस्तुत गरिएका छन्।

आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगबाट सम्पादित कार्यहरू र उपलब्धिहरू निम्नानुसार छन्

### २.१ वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन

१. आर्थिक वर्ष २०७९/८० मा स्रोत अनुमान, बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमा भएका कार्यहरू

(क) प्रदेश स्रोत अनुमान समितिको बैठकका लागि आवश्यक विवरण तयारी, समष्टिगत आर्थिक अवस्था तथा यस सम्बन्धी सवालको विश्लेषण कार्य गरिएको,

(ख) गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले लिएका लक्ष्य उद्देश्य एवम् रणनीतिका आधारमा समष्टिगत आर्थिक प्रक्षेपण र सार्वजनिक वित्तको आगामी तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण लगायतका कार्यद्वारा बजेट सीमा निर्धारण गरिएको,

(ग) मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/८१-२०८२/८३) सहितको आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको तयारी गरिएको,

(घ) प्रदेशको समग्र आर्थिक अवस्था, आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धि, लगानी लगायतका समष्टिगत आर्थिक परिसूचक सहित तीन वर्षको प्रदेश स्रोत अनुमान तथा खर्चको प्रक्षेपण र मन्त्रालयगत बजेट सीमा तथा स्रोत सुनिश्चितता (Earmark) लगायतका विवरण रहेको प्रदेश स्रोत अनुमान समितिको प्रतिवेदन तयारी गरिएको,

(ङ) विषय क्षेत्रगत मन्त्रालयसँग बजेट र वार्षिक विकास कार्यक्रमको नीतिगत छलफल बैठक सञ्चालन गरिएको,

(च) प्रदेश गौरवका आयोजना र बहुवर्षीय आयोजना तथा कार्यक्रमको स्रोत सुनिश्चितता (Earmark) गरी PLMBIS मा प्रविष्टि गरिएको,

(छ) प्रदेश स्रोत अनुमान समितिले तयार गरेको बजेट सीमा सहित आगामी आर्थिक वर्षको बजेट तर्जुमा मार्गदर्शन र बजेट सीमा निर्धारण गरी मन्त्रालयमा पठाइएको,

(ज) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिम आ.व. २०८०/८१ को मन्त्रालयगत वार्षिक कार्यक्रम तथा बजेट उपर नीतिगत तथा कार्यक्रमगत छलफल सम्पन्न गरी सोही ऐन  बमोजिम बजेट छलफल प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको,

(झ) प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गरिएको।

१. आर्थिक वर्ष २०७९/८० मा प्रथम आवधिक योजना सम्बन्धमा भएका कार्यहरू

प्रथम पञ्चवर्षीय योजनाको सोच, उद्देश्य एवम् लक्ष्य प्राप्त गर्नका लागि अवलम्बन गरिएका रणनीतिहरूको प्रभावकारिता र योजनामा समावेश गरिएका समष्टिगत आर्थिक तथा समृद्धि र सुखका सूचकहरूको प्रगति अवस्थाको मूल्याङ्कन गरी आगामी अवधिमा योजनाको प्रभावकारी कार्यान्वयन गर्न र दोस्रो पञ्चवर्षीय योजनाको आधार तयार गर्ने उद्देश्यले चालु पञ्चवर्षीय योजना (आ.व. २०७६/७७-२०८०/८१) को मध्यावधि समीक्षा गरिएको छ। योजनाको मध्यावधि समीक्षा कार्यको सहजीकरण गर्ने र अन्य योजना तथा समन्वयमा सम्पन्न भएका मुख्य कार्य निम्नानुसार रहेका छन्।

(क) प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षाका लागि सरोकारवालासँग छलफल गरी आवश्यक सुझाव तथा पृष्ठपोषण लिइएको,

(ख) विषय क्षेत्रगत सबै मन्त्रालयहरूका सचिवहरू, सरोकारवालाहरू र विषयविज्ञ समेतको सहभागितामा छलफल गरी समीक्षा गरेको मस्यौदामा परिमार्जन गरी अन्तिम रुप दिइएको,

(ग) मध्यावधि समीक्षा अन्तिम प्रतिवेदन तयार गरिएको।

प्रदेश सरकारले लागु गरेका नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा अध्ययन अनुसन्धान तथा अन्वेषण गरी गराई प्रदेश सरकारलाई नीति निर्माणमा सहयोग पुर्याउने साथै नीति संवाद सञ्चालन र सहजीकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने कार्य आयोगले गर्दै आएको छ। प्रथम पञ्चवर्षीय योजनाको नतिजा खाका अनुसुची-६ मा प्रस्तुत गरिएको छ।

## २.२ अनुगमन तथा मूल्याङ्कन

प्रदेश गौरव तथा प्राथमिकताका कार्यक्रम तथा विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने र आयोजना कार्यान्वयनमा रहेका जोखिम न्यूनीकरण गर्न तथा कार्यान्वयनको चरणमा देखा परेका समस्याहरू समाधान गर्न सहजीकरण सम्बद्ध देहायका कार्यहरू गर्दै आइरहेको छ।

१. विभिन्न विषयगत क्षेत्र समेटी आयोजना/विकास कार्यक्रमको आन्तरिक मूल्याङ्कनका लागि कार्य प्रारम्भ गरिएको र यस आर्थिक वर्षमा आयोजना/विकास कार्यक्रमको आन्तरिक मूल्याङ्कन सम्पन्न भएको,

२. प्रदेश गौरवका आयोजना, गण्डकी प्रदेशका प्राथमिकता प्राप्त आयोजना, रुपान्तरणकारी आयोजना लगायत विभिन्न आयोजनाहरूको स्थलगत अनुगमन गरिएको,

३. समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूको स्थलगत अनुगमन/ निरीक्षण गरिएको,

४. बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन अनुगमन गरिएको,

५. जिल्ला समन्वय समिति तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई अनुगमन तथा मूल्याङ्कन विषयमा अभिमुखीकरण गरिएको,

६. गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट सञ्चालित कार्यक्रम वा आयोजना कार्यान्वयनको

अवस्था र प्रगतिबारे चौमासिक र वार्षिक समीक्षा गरिएको,

७. कार्यक्रम वा आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर- मन्त्रालयगत, नीतिगत एवम् कानूनी विषयमा देखिएका समस्या अध्ययन तथा मूल्याङ्कन गरी समाधान गरिएको,

८. माइलस्टोनमा आधारित प्रगतिको मासिकरुपमा अनलाइन अनुगमन प्रतिवेदन पेश गरिएको,

९. अन्तरमन्त्रालय प्रकृतिका विकाससँग सम्बन्धित समस्याहरूको समाधान तथा अन्तर स्थानीय तह समन्वय गर्नुपर्ने विषयमा सही उपायहरू पहिल्याई समयमै उचित निकास दिन र लक्षित नतिजा हासिल गर्न माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान समितिको पाँचौं र छैटौं बैठक सम्पन्न भएको। उक्त बैठकको निर्णय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा परिपत्र गर्नुका साथै गण्डकी प्रदेश नीति तथा योजना आयोगको वेबसाइटमा राखी सार्वजनिक समेत गरिएको। प्रदेश विकास समस्या समाधान समितिका पाँचौं र छैटौं बैठकका निर्णयहरू अनुसूची-४ मा उल्लेख गरिएको छ।

आयोगले प्रदेश गौरव तथा प्राथमिकताका कार्यक्रम तथा विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने र आयोजना कार्यान्वयनमा रहेका जोखिम न्यूनीकरण गर्न तथा कार्यान्वयनको चरणमा देखा परेका समस्याहरू समाधान गर्न सहजीकरण गर्ने कार्यहरू समेत गर्दै आइरहेको छ।

## २.३ तहगत समन्वय एवम् सहकार्य तथा अन्य कार्यहरू

१. स्थानीय तहहरूबिचको स्रोत र साधन, सामर्थ्य जस्ता विविधता र भिन्नताहरूलाई सम्बोधन गर्दै स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि योजना बनाई लागु गर्नुपर्ने प्रावधान र सो अनुरुप सम्बन्धित स्थानीय तहले आ-आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य सहितका आवधिक र रणनीतिक विषय क्षेत्रका दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउनु पर्ने र तीनै तहका योजनाबिचको तादात्म्यता मिलाउनु पर्ने प्रावधान रहेको छ। स्थानीय तहलाई विकास योजना तर्जुमाका सम्बन्धमा आवश्यक ज्ञान, सूचना, प्रविधि र प्राविधिक सहयोगका साथै योजना तर्जुमाका लागि आवश्यक न्यूनतम विषय समावेश गर्ने, गराउने काममा सहयोग पुर्याउने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७ तयार गरिएको छ।

२. आयोजनाको पहिचान, सम्भाव्यता अध्ययन, डिजाइन तथा लागत अनुमान, लाभ विश्लेषण र प्राथमिकता निर्धारण बिना नै आयोजना छनौट र बजेट विनियोजन गर्ने र बजेट विनियोजन पश्चात् आयोजनाको सम्भाव्यता अध्ययन, सर्वेक्षण र विश्लेषण गरी आयोजना कार्यान्वयन गर्ने प्रचलनले प्रतिफलमुखी, वित्तीय र आर्थिक रूपमा सम्भाव्य आयोजना छनौट तथा प्राथमिकीकरण जटिल हुनाका साथै आयोजना सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन नहुने, आयोजनाको लागत शुरू अनुमान भन्दा बढी हुने, आयोजना समयमै सम्पन्न नहुने र गुणस्तर कायम गरी आयोजना सम्पन्न नहुने स्थिति कायम रहेको प्ररिप्रेक्ष्यमा गण्डकी प्रदेश सरकारले आयोजना बैंक तर्जुमा दिग्दर्शन तयार गरेको छ। सोही बमोजिम आयोजना बैंक प्रणाली स्थापना गरी सोको आधारमा योजनाको पहिचान, छनौट, कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा थप प्रभावकारिता अभिवृद्धि हुने साथै स्थानीय तहसँगको सहकार्य, समन्वय र सहकार्यमा थप मद्दत पुग्ने देखिन्छ।

३. आर्थिक वर्ष २०८०/८१ मा बजेट मार्फत समपूरक र विशेष अनुदानबाट स्थानीय तहमार्फत सञ्चालन हुने आयोजनाहरूको छनौट गरी विनियोजनका लागि आर्थिक मामिला मन्त्रालयमा सिफारिश गरिएको छ।

४. मध्यमकालीन खर्च संरचना तयार गर्न सफ्टवेयरको प्रयोग सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।

५. सातै प्रदेशका योजना आयोगको सहभागितामा पोखरामा "प्रदेश योजना आयोगको अनुभव आदानप्रदान

तथा आयोगको क्षमता विकासका लागि साझा दस्तावेज तयार गर्ने कार्यक्रम" आयोजना गरी "पोखरा घोषणापत्र" जारी गरिएको।

६. कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा एवम् चालु आर्थिक वर्षका कार्यक्रमहरूको अर्ध वार्षिक प्रगति समीक्षा गरिएको।

७. संघीय संसद राष्ट्रिय सभा दिगो विकास तथा सुशासन समिति र गण्डकी प्रदेश नीति तथा योजना आयोगबिच दिगो विकास लक्ष्यको विगत सात वर्षको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन, लक्ष्यहरूको संघ, प्रदेश र स्थानीयकरण, त्यसको कार्यान्वयन अवस्था एवम् त्यसबाट प्राप्त नतिजाहरूको विश्लेषण, कार्यान्वयनमा आइपरेका समस्या, चुनौती एवम् अवसरहरूको पहिचान र समस्या समाधानका लागि सम्माननीय राष्ट्रिय सभा अध्यक्षबाट आवश्यक निर्देशन र सुझाव संकलन गर्ने गरी आएको टोली र गण्डकी प्रदेशका मन्त्रालय लगायत सरोकारवालाहरूबिच गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीको अध्यक्षतामा नीति तथा योजना आयोगको अग्रसरतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

   गण्डकी प्रदेश नीति तथा योजना आयोग र मन्त्रालयहरूका अधिकृत वा सोभन्दा माथिका कर्मचारीहरूलाई गण्डकी प्रदेश नीति तथा योजना आयोग र Integrated Development Studies (IIDS) को सहआयोजनामा नतिजा-आधारित व्यवस्थापन (Result Based Management (RBM) Framework) सम्बन्धी तीन दिने तालिम सम्पन्न।

८. आ.व. २०८०/८१ को नीति, कार्यक्रम र बजेट केन्द्रित विकास बहस सम्पन्न।

९. दिगो विकास लक्ष्यसम्बन्धी गोष्ठी सम्पन्न गरिएको।

१०. बहुक्षेत्रीय पोषण योजना दोश्रोको कार्यान्वयन सम्बन्धमा स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।

११. प्रदेशगत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यका लागि आर्थिक वृद्धि सहितको समष्टिगत आर्थिक खाका तथा नतिजा खाका तयारी कार्यमा सहयोग गरेको।

१२. प्रदेशस्तरीय मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तर्जुमा सम्बन्धी कार्यशाला तथा तालिम कार्यक्रम सञ्चालन गरी प्रदेशको MTEF तयार गरेको।

१३. स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा अनुरोधका आधारमा सहयोग गरेको।

दिगो तथा सन्तुलित विकासका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय गर्दै दीर्घकालीन सोचसहितको नीति तथा योजना तर्जुमा गर्ने, अध्ययन तथा अनुसन्धान मार्फत् विकासका कार्यक्रमहरूको पहिचान तथा प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गर्न सघाउने, वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, यसैगरी आयोगले नागरिक समाज, गैर-सरकारी संस्था, सहकारी, विश्वविद्यालय, निजी क्षेत्र तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग प्रदेश सरकारका नीति तथा योजनाकाबारेमा छलफल गर्ने, योजना निर्माण तथा र कार्यान्वयनमा सहयोग एवम् साझेदारीका लागि आह्वान गर्ने तथा उनीहरूले भोगेका समस्या समाधानका लागि प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने तथा सहजीकरणको कार्य पनि गर्दै आइरहेको छ।

## २.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण

### (क) आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०८०

प्रदेश नीति तथा योजना आयोगले प्रदेशका सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने गठन

आदेशमा व्यवस्था रहेको छ। आयोगले राज्यका तीनै तहका सरकारबिच समन्वयको भूमिका खेल्दै प्रदेशको दिगो र सन्तुलित आर्थिक विकासका लागि कार्य गर्छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ मा बजेट प्रस्ताव र छलफलका सम्बन्धमा व्यवस्था गरिएको छ। सो दफाको उपदफा (३) मा "मन्त्रालय, निकायबाट प्रस्तावित कार्यक्रम तथा बजेट को क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रईङ्ग तथा डिजाइन सहितको आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समयतालिका, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सो को प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ। यस व्यवस्था बमोजिम प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा आयोगका सदस्यहरू र गण्डकी प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरूका सचिव, महाशाखा प्रमुखहरूको उपस्थितिमा नीतिगत तथा कार्यक्रमगत छलफल सम्पन्न गरिएको थियो। सो छलफलमा मन्त्रालय वा निकायबाट आर्थिक वर्ष २०८०/८१ को लागि प्रस्तुत बजेटमा आर्थिक तथा वित्तीय अनुशासन, मितव्ययिता, बजेटको कार्यान्वयन योग्यता, खर्च प्रभावकारिता, कार्यान्वयन गर्ने मन्त्रालय निकायको संरचनात्मक व्यवस्था, मौजुदा जनशक्तिको अवस्था आदि जस्ता सैद्धान्तिक आधारहरू लिई छलफल गरिएको थियो। आर्थिक वर्ष २०८०/८१ को लागि मन्त्रालयहरूसँग भएको कार्यक्रम तथा बजेट छलफलमा देहायका नीतिगत विषयमा समावेश गरिएको थियो

१. नेपालको संविधान बमोजिमका तहगत सरकारका अधिकार सूची, गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली (संशोधन सहित), २०७४ बमोजिम सम्बन्धित मन्त्रालयहरूको कार्यजिम्मेवारी, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७ -२०८०/८१) र दिगो विकास लक्ष्यले निर्दिष्ट गरेका सम्बन्धित विषय क्षेत्रको उद्देश्य, नीति तथा कार्यक्रम, चालु आर्थिक वर्ष २०७८/७९ को मध्यमकालीन खर्च संरचनासँग प्रस्तावित बजेटको तादात्म्यता।
२. प्रथम पञ्चवर्षीय योजना र मध्यमकालीन खर्च संरचनाले लिएका उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमगत विवरण।
३. चालु आर्थिक वर्षमा गर्नुपर्ने नीतिगत सुधार, नयाँ तथा नवप्रवर्तनकारी नीति तथा कार्यक्रम वा विद्यमान नीति तथा कार्यक्रममा पुनरावलोकन गरी प्रस्ताव भए नभएको।

**नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा छलफल गरिएका विषय**

१. मन्त्रालय तथा निकायहरूबाट प्रस्तावित आर्थिक वर्ष २०८०/८१ को नीति, वार्षिक कार्यक्रम तथा बजेट।
२. आर्थिक मामिला मन्त्रालयबाट प्रेषित गरिएको आर्थिक वर्ष २०८०/८१ को बजेट सीमा तथा स्रोत।
३. वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मन्त्रालयगत बजेट प्रणालीमा (PLMBIS) प्रविष्टि भए नभएको।
४. मन्त्रालयगत बजेट प्रणालीमा (PLMBIS) प्रविष्टि भएको कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय अनुमान, क्रियाकलापगत बजेटको तादात्म्यता र उक्त प्रणालीमा बजेटको लैङ्गिक संकेत, जलवायु संकेत, दिगो विकास लक्ष्य संकेत र प्राथमिकता संकेत तथा रणनीतिक संकेत।
५. गत आर्थिक वर्षको वार्षिक तथा चालु आर्थिक वर्षको अर्धवार्षिक वित्तीय तथा भौतिक प्रगतिको अवस्था।
६. आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको लागि सिर्जना भएको दायित्व सहितको खर्च र स्रोतको प्रक्षेपण।
७. नयाँ आयोजनाको हकमा आयोजना प्रस्ताव भई आएको र बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टिको लागि स्वीकृति लिएको वा लिने प्रक्रियामा रहेको अवस्था।

८. आर्थिक मामिला मन्त्रालयबाट स्रोत सुनिश्चिता भई बहुवर्षीय ठेक्कामा गएका आयोजनाहरूको कुल दायित्वको अवस्था।

९. बहुवर्षीय ठेक्का अन्तर्गतका आयोजना, प्रदेश गौरवका आयोजना तथा प्रमुख कार्यक्रमहरूको स्रोत सुनिश्चितता गरे नगरेको।

१०. प्रदेश गौरव आयोजनाका हकमा प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आ.व.२०७६/७७-२०८०/८१) भित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गरे नगरेको।

**सुझावहरूः**

१. वार्षिक कार्यक्रम तथा बजेटलाई गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, मुलुकको पन्धौं योजनाको कार्यान्वयन तथा दिगो विकासका लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य प्राप्तिमा सहयोग पुग्ने कार्यक्रम तथा आयोजनामा स्रोत विनियोजन गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

२. नतिजामुखी आयोजना कार्यान्वयन अवधारणा अनुरुप विकास व्यवस्थापन, चालु आयोजनाको पुनः प्राथमिकीकरण र नयाँ आयोजनाको प्राथमिकीकरण गर्नुपर्ने।

३. क्रमागत कार्यक्रम तथा आयोजनाको प्रकृति अनुसार कार्यान्वयनको अवस्था, अवधि, सिर्जित दायित्व तथा खर्च गर्न सक्ने क्षमताको आधारमा पुनः प्राथमिकीकरण गरी विनियोजनको प्राथमिकता निर्धारण गर्नुपर्ने।

४. क्रमागत कार्यक्रम तथा आयोजनाको पुनरावलोकन गरी दोहोरापना रहेका एउटै प्रकृतिका कार्यक्रम वा आयोजना एक आपसमा गाभ्ने वा खारेज गर्नुपर्ने।

५. नयाँ आयोजनाको लागि पूर्व तयारी कार्य सम्पन्न भएका र बहुवर्षीय ठेक्का लगाउनु पर्ने प्रकृतिका आयोजनालाई कार्यान्वयनमा लैजान प्राथमिकता दिएर बजेट विनियोजन गर्ने।

६. तयारी कार्य नभएका आयोजनाका लागि आवश्यक रकम विनियोजन गरी तयारी कार्य गर्नुपर्ने।

७. प्रदेश सरकारबाट आयोजना वा कार्यक्रममा बजेट विनियोजन गर्दा भौतिक पूर्वाधारका कार्यक्रमहरूमा साना साना रकमको आयोजनाको कार्यान्वयनमा कठिनाई देखिनुका साथै नतिजा प्राप्ति वस्तुगत नहुने हुँदा साना योजनालाई समावेश नगर्ने।

८. निश्चित रकम भन्दा कमका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाई कार्यान्वयन गर्ने नीति अवलम्बन गर्नुपर्ने।

९. स्थानीय उत्पादन वृद्धि हुने, स्थानीय रोजगारी सिर्जना गर्ने प्रकृतिका कार्यक्रमहरूलाई उच्च प्राथमिकता प्रदान गरी बजेट विनियोजन गर्नुपर्ने।

१०. प्रदेश सरकारका मन्त्रालयहरूको जिल्ला तहमा बढ्दै गएको संरचनात्मक ढाँचा र दरबन्दीको थप सिर्जनाले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुदै गएको देखियो। अतः प्रशासनिक खर्चलाई न्यूनीकरण गर्दै लैजान प्रदेश सरकारले स्पष्ट नीति अवलम्बन गर्नुपर्ने। नयाँ प्रशासनिक तथा संस्थागत संरचना निर्माण नगरी भैरहेका संरचनाको अधिकतम उपयोग गर्नेतर्फ ध्यान दिनुपर्ने।

११. कोरोना महामारीबाट पर्यटन, यातायात, उद्योग, निर्माण, शिक्षा लगायतका विभिन्न क्षेत्रमा सिर्जित नकारात्मक प्रभावबाट पुनरुत्थान गर्ने कार्यक्रम प्रस्ताव गर्नुपर्ने। सो अनुसार नयाँ तथा सिर्जनशील कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता तथा सम्भाव्यता देखिएमा आर्थिक वर्षको सुरुवातबाटै कार्यान्वयनमा लैजान सकिने गरी प्रस्ताव गर्न उपयुक्त हुने।

१२. प्रदेश सरकारको आवधिक योजनाहरू, गौरवका आयोजनाहरू र रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेर तोकिएको समयमा नै सम्पन्न गर्नुपर्ने।

१३. स्वीकृत कार्यक्रम तथा योजनाहरूको कार्यान्वयन अवस्थाको निरन्तर रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने।

## २.५ आयोगबाट सम्पादित अन्य कार्यहरू

### २.५.१ क्षमता विकास सम्बन्धी कार्य

- आयोग र विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारका कर्मचारीका लागि योजना, दिगो विकास लक्ष्यको आन्तरिकीकरण, मध्यमकालीन खर्च संरचना र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।
- प्रदेशका विषयगत मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीलाई योजना, बजेट तथा मध्यमकालीन खर्च संरचना जस्ता विषयमा सहयोग तथा सहजीकरण गरेको।

### २.५.२ मध्यमकालीन खर्च संरचना

आवधिक योजना र वार्षिक बजेटबिच तादात्म्यता ल्याउँदै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। प्रथम पञ्चवर्षीय योजना तथा प्रदेशको अर्थतन्त्रको विद्यमान अवस्थाको आधारमा मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१-२०८२/८३) तर्जुमा भएको छ। सोको तयारी गर्नका लागि सम्पन्न भएका मुख्य कार्य निम्नानुसार रहेका छन्

- मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन।
- मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि मन्त्रालय एवम् महाशाखा तथा शाखामा समन्वय।
- आर्थिक मामिला मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विविध विषयमा छलफल, बैठक तथा समन्वय।
- मध्यमकालीन खर्च संरचनाको पुस्तिका तयारीको लागि प्राप्त विषय क्षेत्रगत मस्यौदा एकीकरण र समष्टिगत विवरणसँग तादात्म्यता सम्बन्धी कार्य।
- मध्यमकालीन खर्च संरचना तयारीका लागि प्रयोग गरिने सफ्टवेयरको प्रयोग सम्बन्धी तालिम।

### २.५.३ दिगो विकासका लक्ष्य प्राप्त गर्ने सम्बन्धमा निम्नानुसारका कार्यहरू भएका

- दिगो विकास लक्ष्यसम्बन्धी  गोष्ठी सम्पन्न गरिएको।
- "गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७" पुस्तक प्रकाशित। "बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांकेतीकरण गर्न सहयोगी स्रोत पुस्तिका २०७९" प्रकाशित।

# परिच्छेद-तीन

**विकास व्यवस्थापनका वर्तमान अवस्था, समस्या र चुनौती**

## ३.१ विद्यमान अवस्था

विकास व्यवस्थापनका लागि व्यवस्थित योजना, बजेट तर्जुमा र कार्यान्वयन गर्न सुरु गरेको करिब सात दशक नाघिसकेको छ। आवधिक योजना १४ वटा कार्यान्वयन भइसकेका छन् भने दीर्घकालीन लक्ष्य सहित तर्जुमा भएको १५औं योजना हाल कार्यान्वयनको क्रममा छ। गण्डकी प्रदेशमा दीर्घकालीन लक्ष्य सहितको प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनमा रहेको छ।

विकास व्यवस्थापनका लागि अन्य विभिन्न नीतिगत, कानुनी र संस्थागत प्रयास भएका छन्। विकास योजनाका लक्ष्य, उद्देश्य र रणनीतिलाई वार्षिक बजेटमार्फत कार्यान्वयन सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने गरिएको छ। मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तर्जुमा एवम् कार्यान्वयनलाई व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली २०७९ तर्जुमा गरी कार्यान्वयन गरिएको छ। सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यहरूलाई योजना तथा वार्षिक बजेटमार्फत आन्तरिकीकरण गर्ने प्रयास गरिएको छ। तर्जुमा गरिएका नीति, कार्यक्रम तथा आवधिक योजनाको नियमित अनुगमन, मूल्याङ्कन, अध्ययन र विश्लेषण गर्ने कार्य गण्डकी प्रदेश नीति तथा योजना आयोगले निरन्तर गरिरहेको छ। विकास प्रयासका फलस्वरुप गरिबीको रेखामुनी रहेको जनसङ्ख्या घट्दै गएको, सूचना प्रविधिको विकास एवम् विस्तार भएको, सडक, सिंचाइ जस्ता पूर्वाधार विकास एवम् विस्तार भएको, आर्थिक सामाजिक परिसूचकहरूमा उल्लेख्य सुधार भएको, साधन र स्रोतको बाँडफाँट तुलनात्मक रुपमा न्यायोचित हुँदै गएको र सेवा प्रवाहमा नागरिकको पहुँच बढ्दै गएको देखिन्छ। तथापी विकास व्यवस्थापनमा नागरिकले अपेक्षा गरेअनुरुप सफलता हासिल हुन सकेको छैन। प्रदेशको अर्थतन्त्रको आकार, सामाजिक-आर्थिक अवस्था, पूर्वाधारहरूको अवस्थामा अपेक्षित सुधार ल्याउन आगामी दिनमा थप क्रियाशील हुनुपर्ने देखिन्छ।

## ३.२ विकास व्यवस्थापन सम्बन्धी समस्या

विकास व्यवस्थापन सम्बद्ध अनुभव गरिएका समस्याहरू यसप्रकार छनः

(क) योजना तर्जुमालाई यथार्थपरक बनाउन नसकिनु। योजनाको प्राथमिकीकरण प्रभावकारी रुपमा हुन नसक्नु।

(ख) मध्यमकालीन खर्च संरचना तर्जुमा तथा आवधिक योजनाको नतिजा खाकाका आधारमा प्रगति समीक्षा गर्ने कार्य औपचारिकतामा सीमित भएको।

(ग) प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना निर्धारण गर्ने सम्बन्धमा स्पष्ट कानुनी आधार र मापदण्ड नभएको।

(घ) आयोजना पहिचान, लागत-लाभ विश्लेषण तथा मूल्याङ्कन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका आयोजना पूर्व तयारी सम्बन्धी कार्य सम्पन्न नभएका आयोजनामा समेत बजेटमा विनियोजन हुने गरेको।

(ङ) आयोजनाहरू सम्पन्न नभई वर्षेनी नयाँ आयोजना थप हुँदा कार्यान्वयनमा रहेका आयोजनाका लागि पर्याप्त बजेट तथा स्रोत साधनको व्यवस्था हुन नसकेको र आयोजना संख्यामा निरन्तर वृद्धि भएको। अधुरा आयोजनाको संख्या बढ्दै गएको।

(च) आयोजना कार्यान्वयनको लागि विस्तृत कार्ययोजनाको तयारी र सो अनुसारका क्रियाकलाप समय तालिका अनुसार नहुनु, निर्णय प्रक्रियामा ढिलाइ हुनु, वन क्षेत्र तथा जग्गा प्राप्तिमा कानुनी, प्रक्रियागत तथा व्यावहारिक

जटिलता रहनु, समयमा निर्माण सामग्रीको अभाव लगायतका समस्या विद्यमान रहेको।

(छ) विकास व्यवस्थापनको लागि आवश्यक पर्ने प्राविधिक तथा दक्ष जनशक्तिको अभाव, कार्यरत कर्मचारीहरूमा उत्प्रेरणाको कमी, कमजोर प्रोत्साहन व्यवस्था र दण्ड तथा पुरस्कार व्यवस्था प्रभावकारी नभएकाले कार्यसम्पादनस्तर कमजोर रहेको।

(ज) विकास निर्माण तथा सेवा प्रवाह कार्यमा संलग्न निर्माण व्यवसायी, परामर्शदाता र सेवा प्रदायक संस्थाको क्षमता कमजोर तथा सम्झौताको शर्तहरूको परिपालनामा समस्या रहेकोले कतिपय आयोजनाहरू समयमा सम्पन्न गर्न र लागत प्रभावकारी बनाउन नसकिएको।

(झ) विकास निर्माणमा योजना तर्जुमा देखि कार्यान्वयन र लाभ वितरण सम्मका चरणमा निजी, सहकारी र सामुदायिक क्षेत्रको प्रभावकारी तथा सक्रिय सहभागिता सुनिश्चित गर्न नसकिएको।

(ञ) अव्यवस्थित भू-उपयोगले विकराल समस्या उत्पन्न भएको। प्रायः सडक तथा राजमार्ग निर्माण गर्दा वा विस्तार गर्दा जग्गा प्राप्ति गर्नुपर्ने त्यसका लागि महँगोमा जग्गा खरिद गर्नुपर्ने र राज्यसँग पर्याप्त स्रोत नभएकाले जग्गा धनीको माग बमोजिम मुआब्जा तथा क्षतिपूर्ति दिन नसक्ने अवस्थाले जग्गा प्राप्ति प्रक्रियामा ढिलाइ भएको।

(ट) विगतमा रुग्ण भई रहेका तर हाल निर्माण कार्य सम्पन्न भएका योजनाहरूको फरफारक गरी प्रयोगमा ल्याउने सम्बन्धमा अस्पष्टता रहेको।

(ठ) सडकहरूको रेखांकन र सीमा निर्धारणमा अन्यौलता भई निर्माण कार्य बारम्बार अवरोध हुने गरेको।

(ड) सार्वजनिक खरिद सम्बन्धी मौजुदा ऐन र नियमावली बढी प्रक्रियामुखी मात्र भएकोले वास्तविक प्रगति हासिल गर्नको लागि कठिनाइ भएको। जटिल एवम् आकस्मिक प्रकृतिका आयोजना निर्माण कार्यमा सार्वजनिक खरिदसँग सम्बन्धित विषयहरूमा प्रक्रियागत अस्पष्टता र जटिलता रहेको।

(ढ) संघ, प्रदेश र स्थानीय तहका योजनाहरूमा दोहोरोपना रहेको। प्रदेश र स्थानीय तहका योजनाहरूमा दायित्व बढ्दै गएको।

(ण) रुग्ण आयोजनाहरू ठूलो संख्यामा रहेको। कतिपय आयोजनाहरूको कार्यप्रगति तथा कार्यान्वयनको यथार्थ विवरण समेत उपलब्ध हुन नसकेको।

(त) तथ्याङ्क व्यवस्थापनका कार्यहरूलाई प्रदेशको आवश्यकता, बदलिँदो परिवेश तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता र मापदण्ड अनुरूप व्यवस्थित रूपमा अघि बढाउन नसकिएको।

(थ) आयोग र प्रदेशस्तरीय योजना सम्बन्धी निकायहरूबिच समन्वय र नीतिगत सामञ्जस्यताको लागि वैधानिक संयन्त्र नहुनु र योजना अनुगमन र मूल्याङ्कनको क्षेत्रमा काम गर्ने जनशक्तिलाई उत्प्रेरणा र मनोबल वृद्धि गर्ने व्यवस्था नहुनुले पनि आयोगका कामकारवाहीमा असर पुगेको।

(द) प्रदेश विकास समस्या समाधान समितिका निर्णयहरू सम्बन्धित निकायहरूले जिम्मेवारीपूर्वक समयमा सम्पन्न गर्ने कार्यमा कम महत्व दिएको र कतिपय निकायले आयोगबाट स्वीकृत ढाँचा अनुसारको विभिन्न फाराम प्रयोग गर्ने नगरेको र आयोगले मागेको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा समयमा नपठाइदिँदा समीक्षा तथा मूल्याङ्कन गर्न कठिनाइ भैरहेको।

(ध) कतिपय सन्दर्भमा निश्चित आधार र मापदण्ड पूरा नगरी बहुवर्षीय आयोजनाहरूको ठेक्का सहमतिका लागि आयोगमा अनुरोध भई आउने हुँदा आयोगबाट समयमा सहमति प्रदान गर्ने कार्यमा ढिलाइ हुने गरेको।

## ३.३ विकास व्यवस्थापनका लागि गरिएका सुधारहरू

(क) प्रदेश र स्थानीय तहको विकासको अवस्था र प्राथमिकता बमोजिम दीर्घकालीन सोच सहित योजना तर्जुमा तथा कार्यक्रम पहिचान, छनौट र कार्यान्वयनमा वृद्धि हुँदै गएको छ।

(ख) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबिच सामञ्जस्यता कायम गरिएको छ जसले गर्दा स्रोत साधनको सुनिश्चितता भएको छ।

(ग) दीर्घकालीन सोच सहितको प्रथम पञ्चवर्षीय योजना तयार भई कार्यान्वयनमा आइसकेको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको आधार तयार भएको छ।

(घ) परिवर्तित संघीय संरचना अनुरुप प्रदेशमा योजना प्रणालीको विकास भएको र यसलाई संस्थागत गर्ने प्रयास भएको छ। प्रादेशिक र स्थानीय योजना तर्जुमा दिग्दर्शन तयार गरी कार्यान्वयनमा लगिएकोले प्रदेश र स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको आधार तयार भएको छ।

(ङ) प्रदेशबाट सञ्चालन हुने प्रदेश गौरवका आयोजना सहित आयोजनाहरूको विवरण, लागत, समय सहितको वार्षिक विकास कार्यक्रम तयार भएको हुँदा कार्यक्रम तथा आयोजनाहरूको गुणस्तर तथा प्रभावकारितामा अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

(च) चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार भएको हुँदा आगामी बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्नुपर्ने क्षेत्रमा आधार तयार भएको छ।

(छ) प्रदेश नीति तथा योजना आयोगबाट प्रदेशका मन्त्रालयसँग छलफल तथा अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने क्रम निरन्तर रहेकोले अन्तर मन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्नमा योगदान पुगेको।

(ज) विभिन्न विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिका सम्बन्धमा विभिन्न तहमा छलफल भई प्राप्त राय सुझावबाट कार्यान्वयनयोग्य नीति तर्जुमामा सहयोग पुगेको छ।

(झ) विभिन्न मन्त्रालयहरूमा निश्चित आधार र मापदण्डका आधारमा बहुवर्षीय आयोजनाको ठेक्का र नयाँ आयोजनाहरूका सम्बन्धमा सहमति प्रदान गरेबाट आयोजनाहरूको गुणस्तरमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

## ३.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगले सामना गरेका समस्या तथा चुनौतीहरू

(क) आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरूमा पहिचान गरेका उपायहरू आयोगबाट प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउन सकिएको छैन।

(ख) संघ, प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रमहरूमा सामञ्जस्यता ल्याई विकासमा समन्वय कायम गर्न तहगत समन्वय सम्बन्धी कार्यका लागि स्पष्ट कानूनी आधारको अभाव रहेको हुँदा सोको टड्कारो आवश्यकता महसुस गरिएको छ।

(ग) विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्नुपर्ने परिप्रेक्ष्यमा आयोगको क्षेत्राधिकार भित्रको जिम्मेवारी प्रभावकारी सम्पादन गर्न आयोगको समयानुकूल र उपयुक्त सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गरी आयोगलाई स्थायी, दक्ष र विशिष्टीकृत संस्था बनाउनु आवश्यक देखिएको छ।

(घ) आयोगको कार्यनीति, योजना तथा कार्यक्रमको विश्लेषण तथा तर्जुमा र अनुगमन, मूल्याङ्कन एवम् अध्ययन लगायतका प्रशासनिक भन्दा बढी बौद्धिक र अनुसन्धानात्मक प्रकृतिको छ। आयोगमा कार्यरत कर्मचारीको विषय विशेषज्ञता विकास हुन सकिरहेको छैन। विषयविज्ञता विकासका लागि राष्ट्रसेवक कर्मचारीहरूलाई आयोगको क्षमता अभिवृद्धि गर्न र विशिष्टीकृत संस्था विकास गर्न आवश्यक रहेको छ।

(ङ) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई आयोजना कार्यान्वयनमा देखिएका कमजोरीहरूलाई सुधार्ने पद्धतिको अभावमा आयोजनाहरू समयमानै सम्पन्न नहुने (Time overrun) तथा तोकिएको लागत भन्दा बढी लाग्ने (Cost overrun) समस्याहरू विद्यमान छन्।

(च) अनुगमन र मूल्याङ्कन क्षेत्रमा सबै मन्त्रालय एवम् निकायहरूले यस आयोगलाई एक विशिष्ट संस्थाका रुपमा लिई निरन्तर समन्वय गर्नुपर्नेमा पूर्ण रुपमा हुन सकिरहेको छैन।

## ३.५ गण्डकी प्रदेश नीति तथा योजना आयोगले आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू

गण्डकी प्रदेश नीति तथा योजना आयोगले आफ्नो कार्य सञ्चालनका समयमा विभिन्न चुनौतीहरू सामना गर्दै आएकोले आगामी दिनमा देहायबमोजिम क्रियाशील हुनुपर्ने देखिन्छः

(क) प्रदेश नीति तथा योजना आयोग गठन आदेशको मर्म अनुसार तीनै तहका योजना तथा कार्यक्रमहरूकाबिचमा सामञ्जस्यता कायम राख्दै प्रादेशिक हितमा एकीकृत गरी विकासका प्रयासहरूलाई समन्वय गर्नुपर्ने।

(ख) वार्षिक कार्यक्रमको छनौट गर्दा आवधिक योजनासँग सामञ्जस्यता कायम राख्दै त्यस्ता कार्यक्रमको छनौटको आवश्यकता र औचित्यताको विश्लेषण गरेर मात्र बजेटमा समावेश गरी वित्तीय अनुशासन कायम गर्ने, गराउने।

(ग) सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई प्रदेश र स्थानीय तहहरूमा सामञ्जस्यता र एकरुपता ल्याई कार्यान्वयनमा केन्द्रित गर्ने।

(घ) सन् २०१६ देखि अंगीकार गरिएको दिगो विकासका लक्ष्यहरूलाई प्रादेशिक नीति, योजना तथा कार्यक्रमहरूमा समाहित गरी कार्यान्वयन गर्न प्रयास गरिएको भएतापनि दिगो विकासको लक्ष्य (SDGs) का सूचकहरूलाई प्रदेश तथा स्थानीय तहसम्म स्थानीयकरण गर्नुपर्ने। लक्ष्यहरूको प्रगति स्थितिको प्रतिवेदन तथा समीक्षा गर्नु र पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने थप लगानी जुटाउनु र परिचालन गर्नुपर्ने।

(ङ) प्रदेशको सामाजिक-आर्थिक विकासमा योगदान पुर्याउन सक्ने आयोजना र परियोजनाहरू छनौट गरी लगानीको सुनिश्चितता प्रदान गर्नु पर्ने आवश्यकता छ भने सार्वजनिक निजी साझेदारी, प्रत्यक्ष वैदेशिक लगानी, विकास सहायता लगायतका आन्तरिक र बाह्य स्रोतहरूको समेत पहिचान गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने लगानीयोग्य परियोजना सहितको लगानी ढाँचा तयार गर्नुपर्ने।

(च) आयोजना बैंकको माध्यमबाट आयोजना व्यवस्थापन, सञ्चालन र अनुगमन तथा मूल्याङ्कनको संस्थागत प्रणाली विकास गर्नु र आयोजना तथा कार्यक्रमको वस्तुनिष्ठ सूचकहरूको आधारमा नियमित र समयसारिणी सहितको अनुगमन तथा निरीक्षण प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने अनुगमनबिच एकरूपता कायम गर्नुपर्ने।

(छ) संघ-प्रदेश, संघ-प्रदेश-स्थानीय तहको योजनागत समन्वयलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश र स्थानीय तहहरूलाई योजना तथा कार्यक्रम तर्जुमाको साथै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने अनुगमनबिच दक्षता अभिवृद्धि गरी सशक्तीकरण गर्नुपर्ने।

(ज) अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकतामा राखी नीति पृष्ठपोषणको रुपमा अघि बढाउने।

(झ) स्थानीय तहमा विकास सहायता परिचालनको सहजीकरण तथा नियमन गर्न संवाद, समन्वय र सहकार्य वृद्धि गर्नुपर्ने।

(ञ) गण्डकी प्रदेश नीति तथा योजना आयोगको संयोजकत्वमा प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुनेगरी छनौट भई विशेष तथा समपूरक अनुदान विनियोजन भएका आयोजना/कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि पर्याप्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली विकास गर्नुपर्ने।

(ट) सबै स्थानीय तहहरूमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने/ गराउने कार्य तथा प्रदेश र स्थानीय तहको परियोजना बाँडफाँट व्यवस्थित गर्ने।

(ठ) बहुवर्षीय र ठूला प्रकृतिका आयोजनाहरूको निश्चित अवधि पश्चात आन्तरिक मूल्याङ्कन एवम् प्रभाव मूल्याङ्कनका माध्यमबाट पृष्ठपोषण लिने संस्कृति विकास गर्ने।

## ३.६ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरू

(क) प्रदेशका विकास योजना कार्यान्वयनको समस्या समाधानको लागि नियमित बैठक गरी समाधानका उपाय खोज्ने।

(ख) आर्थिक-सामाजिक रुपान्तरण गर्ने प्रकृतिका वृहत आयोजनाको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने।

(ग) आवधिक योजनालाई छरितो, कार्यान्वयनयोग्य बनाउने। नतिजा सूचकलाई नियमित समीक्षा गर्दै लैजाने। स्रोत र साधनको प्राथमिकीकरणका आधारहरू स्पष्ट गर्ने।

(घ) मध्यमकालीन खर्च संरचनामा स्वचालित प्रणाली विकास गरी आवधिक योजना र बजेटबिचको आधार सम्बन्ध बलियो पार्ने।

(ङ) आवधिक योजना अनुरुप प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमको छनौट गर्ने प्रणाली विकास गर्ने। पूर्व मूल्याङ्कन नभएका कार्यक्रममा बजेट विनियोजन नगर्ने।

(च) आयोजना बैंकलाई कडाइका साथ कार्यान्वयन गर्ने। तीन तहबिचको आयोजना वर्गीकरणको मापदण्डलाई पूर्णरुपमा कार्यान्वयन गर्ने।

(छ) आयोजना छनौट र बजेट विनियोजन गर्दा स्थानीय तहगत सन्तुलन मिलाउने। बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डलाई समयानुकूल परिमार्जन गर्दै लैजाने।

(ज) पूर्व तयारी सम्पन्न भएका आयोजना बैंकमा समावेश आयोजनामा मात्र बजेट विनियोजन गर्ने।

(झ) आयोजनाको संख्या वर्षेनी थप नगरी कार्यान्वयनका क्रममा रहेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गर्ने।

(ञ) खरिद प्रक्रियामा रहेको जटिलता हटाउने। जग्गा प्राप्ति व्यवस्थालाई खुकुलो पारी घर जग्गा पुनरावलोकन गर्ने वैज्ञानिक प्रणाली विकास गर्ने।

(ट) ठेक्का व्यवस्थापनमा सुधार गर्ने। निर्माण व्यवसायीको नियमनलाई प्रभावकारी बनाउने।

(ठ) प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गर्ने। प्राविधिक जनशक्तिलाई स्रोत साधनको कमी हुन नदिन आयोजनामा खटिने कर्मचारीको स्थायित्वमा ध्यान दिने।

(ड) प्रदेश गौरवका आयोजना घोषणासम्बन्धी मापदण्ड बनाउने।

(ढ) नीति तथा कार्यक्रमहरूको नियमित मूल्याङ्कन गर्ने। प्रभाव मूल्याङ्कन गरेर मात्र उक्त कार्यक्रमलाई निरन्तरता दिने। आन्तरिक मूल्याङ्कन र तेस्रो पक्ष मूल्याङ्कनमार्फत आयोजना/कार्यक्रमको औचित्यता जाँच गर्ने।

(ण) आयोजनामा गरिने प्राविधिक परीक्षणलाई थप सुदृढ बनाउने।

(त) प्रदेश विकास समस्या समाधान समितिका निर्णयहरू तत्काल कार्यान्वयनमा लैजाने।

# अनुसूचीहरू

## अनुसूची-१: गण्डकी प्रदेश नीति तथा योजना आयोगको संगठन संरचना



**अनुसूची-२: आयोगका पदाधिकारीज्यूहरू लगायत कर्मचारीहरुको विवरण**

आयोगका पदाधिकारीज्यूहरूको विवरण

| पद | नाम थर | टेलिफोन |
|---|---|---|
| **उपाध्यक्ष** | डा. कृष्णचन्द्र देवकोटा | ९८४१२३७७५३ |
| **सदस्य** | डा. सुबास अधिकारी | ९८६७६४१६३० |
| **सदस्य** | श्री अञ्चला चौधरी | ९८६११०२६४९ |
| **सदस्य सचिव** | श्री ऋषिराम तिवारी | ९८४१३५१५३४ |

आयोगका कर्मचारीहरूको विवरण

| पद | नाम थर | शाखाको नाम | टेलिफोन |
|---|---|---|---|
| उपसचिव | श्री डिल्लीराम सिग्देल | प्रशासन | ९८४६०२९३९९ |
| तथ्याङ्क अधिकृत (आठौं) | श्री रामप्रसाद वाग्ले | आर्थिक तथा सामाजिक विकास | ९८४६११५४४२ |
| तथ्याङ्क अधिकृत | श्री नवराज पौडेल | अनुसन्धान तथा तथ्याङ्क शाखा | ९८४९४२१३७४ |
| अधिकृत स्तर (सातौं) | श्री  सागर खनाल | प्रशासन | ९८४३७०१९१४ |
| अधिकृत स्तर (छैठौं) | श्री मोतिलाल ढकाल | प्रशासन (जिन्सी) | ९८५६०३६५१६ |
| अधिकृत स्तर (छैठौं) | श्री प्रकाश गौतम | आर्थिक प्रशासन | ९८४६११६५४४ |
| कम्प्यूटर अधिकृत (छैठौं) | संतोष देवकोटा | प्रशासन | ९८५६०५२४१० |
| नायब सुब्बा | श्री मिना पौडेल | प्रशासन | ९८४६४६४९०० |
| नायब सुब्बा | श्री सुजाता शर्मा | प्रशासन | ९८४६४८०९१२ |
| कम्प्यूटर अपरेटर | श्री सिर्जना थापा | प्रशासन | ९८६६०२९०५३ |
| ह.स.चा | श्री रेशमबहादुर श्रेष्ठ | प्रशासन | ९८४६०३९५०९ |
| ह.स.चा | मनोज कुमार श्रेष्ठ | प्रशासन | ९८४६०२८४५० |
| ह.स.चा | वासु पराजुली | प्रशासन | ९८४६९०१२११ |
| ह.स.चा | पदम सिंह खाण | प्रशासन | ९८०८९७८२९४ |
| कार्यालय सहयोगी | शोभादेवी विष्ट | प्रशासन | ९८४७२९५७४० |
| कार्यालय सहयोगी | रामचन्द्र पौडेल | प्रशासन | ९८०६६१९९४३ |
| कार्यालय सहयोगी | श्री कृष्ण गिरी | प्रशासन | ९८४६६७८९०३ |
| कार्यालय सहयोगी | श्री विनोद गुरुङ | प्रशासन | ९८४१८९९३९९ |

**अनुसूची-३ः प्रदेश विकास समस्या समाधान समितिको स्वरुप**

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ अनुसार

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) | प्रदेश सरकारका मन्त्री | - सदस्य |
| (ग) | उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग | - सदस्य |
| (घ) | प्रदेश नीति तथा योजना आयोगका सदस्यहरू | - सदस्य |
| (ङ) | प्रमुख सचिव प्रदेश सरकार | - सदस्य |
| (च) | जिल्ला समन्वय महासंघ, गण्डकी प्रदेशका अध्यक्ष | - सदस्य |
| (छ) | नेपाल नगरपालिका संघ, गण्डकी प्रदेशका अध्यक्ष | - सदस्य |
| (ज) | गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष | - सदस्य |
| (झ) | आर्थिक मामिला मन्त्रालयका सचिव | - सदस्य |
| (ञ) | प्रदेश सरकारले तोकेका प्रदेश भित्रका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरू मध्ये नौ जना | - सदस्य |
| (ट) | नीति तथा योजना आयोगका सचिव | - सदस्य सचिव |

**अनुसूची-४: प्रदेश विकास समस्या समाधान समितिको आ.व २०७९/८० मा भएका पाँचौं र छैटौं बैंठकका निर्णयहरू**

प्रदेश विकास समस्या समाधान समितिको पाँचौं बैठक (मिति २०७९ साउन २५ गते) का निर्णयहरु र कार्यान्वयन स्थिति

| क्र.सं. | कार्यान्वयनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण कार्यान्वयन भएका | ४ | २५ |
| २ | आंशिक कार्यान्वयन भएका | ११ | ६९ |
| ३ | कार्यान्वयन नभएका | १ | ६ |
| | जम्मा | १६ | १०० |

निर्णय, विषयसँग सम्बन्धित जिम्मेवार या सम्बन्धित मन्त्रालय (निकाय) एवम् निर्णय कार्यान्वनको स्थिति

| निर्णय नं | निर्णय | जिम्मेवार या सम्बन्धित मन्त्रालय / निकाय एवम् निर्णय कार्यान्वनको स्थिति |
|---|---|---|
| १ | आयोजना पहिचान, छनौट र कार्यान्वयनका सम्बन्धमा मापदण्ड प्रष्ट हुनेगरी आयोजना बैंक दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | गण्डकी प्रदेश नीति तथा योजना आयोगः दिग्दर्शन तयार भई कार्यान्वयनको लागि स्वीकृत भएको। (आंशिक कार्यान्वयन) |
| २ | चालु आ. व. का कार्यक्रमहरुको कार्ययोजना आगामी निर्वाचन/ सम्भावित विपद् समेतलाई ध्यानमा राखी तयार गर्ने। | आर्थिक मामिला मन्त्रालयः<br>निर्वाचन/सम्भावित विपद् समेतलाई ध्यानमा राखी तयार गरिएको।<br>भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयः<br>कार्ययोजना तयारी र कार्यान्वयनको सिलसिलामा आम निर्वाचन र विपद्का विषयलाई ध्यान दिइएको। (पूर्ण कार्यान्वयन) |
| ३ | प्रदेशको तथ्याङ्क एकीकृत गर्ने प्रणालीको विकासको लागि Provincial Integrated Information Management System (PIIMS) को स्थापना गर्ने र विषयगत मन्त्रालय, स्थानीय तह र प्रदेश मातहतका निकायको तथ्याङ्क व्यवस्थापन क्षमता विकास गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश नीति तथा योजना आयोगः<br>बजेट विनियोजन भएको र कार्यान्वयनको प्रकियामा रहेको। (आंशिक कार्यान्वयन) |
| ४ | प्रदेश निजामति सेवा ऐन तथा स्थानीय तह सेवा ऐन ल्याउने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः<br>प्रदेश निजामति सेवा ऐन पारित भई कार्यान्वयनमा गएको। (पूर्ण कार्यान्वयन) |
| ५ | हिंसा पीडितको लागि पुनर्स्थापना केन्द्र सञ्चालन नहुँदा समस्या भएकाले पोखरा महानगरपालिकासँग समन्वय गरी पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याउन पहल गर्ने। | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयः पोखरा महानगरपालिकाले पुनर्स्थापना केन्द्र चलाउने प्रतिबद्धता जनाएको। (आंशिक कार्यान्वयन) |

| | | |
|---|---|---|
| ६ | प्रदेश डाटा सेन्टर स्थापनाको लागि जग्गा उपलब्ध गराउन पोखरा महानगरपालिकालाई अनुरोध गर्ने। | कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयः रेडियो नेपालको नाउँमा रहेको जग्गाको भोगाधिकारको लागि नेपाल सरकारसँग अनुरोध गरिएको तर प्राप्त नभएको। (आंशिक कार्यान्वयन) |
| ७ | शुरु भएका योजना सम्पन्न गर्न पुग्ने गरी बजेटको व्यवस्था गर्ने। महत्वपूर्ण योजनाको कार्यान्वयनमा बजेट सुनिश्चित गर्ने। | सम्बन्धित मन्त्रालय सबै, आर्थिक मामिला मन्त्रालयः महत्वपूर्ण योजनाहरुको लागि स्रोत सुनिश्चित गर्ने गरिएको। (आंशिक कार्यान्वयन) |
| ८ | सम्बन्धित निकायसँग समन्वय गरी उल्लेखित भवनहरु प्रदेश अन्तर्गत स्थापना भएका कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई उपलब्ध हुने व्यवस्था मिलाउने। | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। (कार्यान्वयन नभएको) |
| ९ | गत आ.व.मा कार्य सम्पन्न भै नियमानुसार भुक्तानी दिन बाँकी रकम सम्बन्धित पक्षलाई भुक्तानी दिने व्यवस्था मिलाउने। | सम्बन्धित सबै मन्त्रालय, आर्थिक मामिला मन्त्रालयः प्रदेश मन्त्रिपरिषद्बाट निर्णय भई भुक्तानीको व्यवस्था मिलाइएको। (आंशिक कार्यान्वयन) |
| १० | बहुवर्षीय आयोजना छनौट र थप गर्दा उपलब्ध स्रोत साधनको आधारमा मात्र गर्ने, साथै दायित्व सिर्जना भएका बहुवर्षीय आयोजनाका लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्ने। | कार्यक्रम तयार र रकमान्तर गर्दा बहुवर्षीय योजनाहरुको दायित्व भुक्तानी गर्न प्राथमिकता दिने प्रयास गरिएको। (आंशिक कार्यान्वयन) |
| ११ | प्रदेशमा विपद्बाट भएको क्षतिको विवरण स्थानीय तहबाट संकलन गरी त्यस्ता संरचना तथा सेवाको पुनः निर्माणका लागि प्रदेशस्तरबाट बजेट विनियोजनमा जोड गर्ने साथै अपुग बजेटको लागि नेपाल सरकारसँग अनुरोध गर्ने। | सम्बन्धित सबै मन्त्रालय, आर्थिक मामिला मन्त्रालयः विपद् व्यवस्थापनको लागि आर्थिक मामिला मन्त्रालयबाट बजेट छुट्याइएको।(आंशिक कार्यान्वयन) |
| १२ | समयमा निकासा दिने व्यवस्था मिलाउन संघ र प्रदेशसँग समन्वय गर्ने। | सम्बन्धित सबै मन्त्रालय, आर्थिक मामिला मन्त्रालयः प्रदेश आर्थिक मामिला मन्त्रालयबाट कानुन बमोजिम र कार्यसम्पादनका आधारमा नियमित रुपमा निकासा दिने गरिएको। संघीय अर्थमन्त्रालयसँग समन्वय गरिएको। (आंशिक कार्यान्वयन) |
| १३ | प्रदेश सरकारले स्थानीय सेवा ऐन ल्याउने। | प्रदेश सरकारः स्थानीय सेवा ऐन पारित। कार्यान्वयन सुरु भएको। (पूर्ण कार्यान्वयन) |
| १४ | निर्माण सामग्री सहज उपलब्ध गराउनको लागि पहल गर्ने। | प्रदेश सरकारः पहल गरेको। (आंशिक कार्यान्वयन) |
| १५ | स्थानीय तहको प्राथमिकता हेरी प्रदेशले विशेष अनुदान उपलब्ध गराउने र स्थानीय तहको प्राथमिकताका क्षेत्रमा विशेष अनुदान उपलब्ध गराउन नेपाल सरकारसँग पहल गर्ने। | प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयः स्थानीय तहको मागबमोजिम नै विशेष अनुदान दिने गरेको।(आंशिक कार्यान्वयन) |

| | | |
|---|---|---|
| १६ | संघ र प्रदेशले स्थानीय तहको प्राथमिकताको योजनामा रकम दिने वा साना योजनाका लागि एकमुष्ट रकम उपलब्ध हुने व्यवस्था मिलाउने। | प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयः स्थानीय तहको प्राथमिकताको आधारमा आयोजना छनौट गरी बजेट व्यवस्था हुने गरेको। (पूर्ण कार्यान्वयन) |

२०७९ श्रावण २५ गते बसेको पाँचौं प्रदेश विकास समस्या समाधान समितिको बैठकले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको लागि पठाएका समस्या कार्यान्वयनको स्थिति।

| निर्णय नं. | निर्णय | निर्णय कार्यान्वनको स्थिति |
|---|---|---|
| १ | कम्पनी रजिष्ट्रारको कार्यालय प्रदेशमा स्थापनाका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| २ | जग्गा प्राप्ति सम्बन्धी कार्यमा आवश्यक सहजीकरण गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ३ | वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन लगायतका कानुनलाई संघीयताको भावना अनुसार संशोधन/ परिमार्जनको लागि नेपाल सरकारसँग पहल गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ४ | मिति २०७६/१०/१३ मा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मनास्लु संरक्षण क्षेत्र आयोजना र पञ्चासे संरक्षित वनको व्यस्थापनका लागि नेपाल सरकारमा अनुरोध गरिसकिएको हुँदा सोको कार्यान्वयनका लागि संघ सरकारसँग पहल गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ५ | नेपाल सरकारबाट संरक्षित जलाधार क्षेत्र घोषणा पश्चात् फेवाताल संरक्षण सम्बन्धमा प्रदेश सरकारको भूमिका स्पष्ट गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ६ | पोखरा जलउपयोग सिचाइ आयोजनामा अधिग्रहण गरिएको १३५ रोपनी जग्गाको मुआब्जा उपलब्ध गराउन नेपाल सरकारसँग रकम माग गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको,निर्णय भई नआएको। |
| ७ | पचभैया प्राणी उद्यान सञ्चालनको कानूनी पक्षमा थप स्पष्टता र संस्थागत व्यवस्थाको लागि नेपाल सरकारसगँ समन्वय गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ८ | पोखरा रङ्गशाला प्रदेश अन्तर्गत ल्याउन नेपाल सरकारसँग अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ९ | सञ्चारग्राम स्थापनाको लागि रेडियो नेपालको नाउँमा रहेको जग्गाको भोगाधिकार प्राप्तिको लागि नेपाल सरकारसँग पहल गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| १० | प्रदेशस्तरीय खाद्य परीक्षण प्रयोगशाला स्थापना गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| ११ | नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका मत्स्य अनुसन्धान केन्द्र बेगनास र फेवाताल किनारमा रहेका भौतिक संरचना प्रदेशको मत्स्य विकास केन्द्र स्थापना गर्न प्रदेशलाई उपलब्ध गराउन सम्बन्धित निकायमा पहल गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |

| | | |
|---|---|---|
| १२ | स्थानीय तहसँग समन्वय गरी नियमानुसारको राजस्व संकलन गर्ने। विभिन्न स्रोतबाट प्राप्त गर्नुपर्ने रोयल्टीका लागि विद्यमान कानूनी व्यवस्थामा सुधार तथा बाँडफाँट प्रणालीमा रहेको अस्पष्टतालाई हटाउन नेपाल सरकारसँग पहल गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| १३ | प्रदेश वातावरण संरक्षण ऐन बमोजिम स्वीकृत IEE / EIA मा उल्लेख भएका रुख कटान/वन क्षेत्रको भोगाधिकारका सम्बन्धमा प्रदेश सरकारबाट निर्णय हुनका लागि नेपाल सरकारमा अनुरोध गर्ने, (वन ऐन संशोधन) | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| १४ | ट्राफिक जरिवाना र इम्बोड्स नम्बर प्लेट जडान वापतको रकम प्रदेश संचित कोषमा जम्मा गर्न नेपाल सरकारसँग पहल गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| १५ | प्रहरी प्रदेशमा समायोजन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| १६ | संघबाट सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भै आएका योजनाहरू सम्पन्न गर्न पुग्ने गरी बजेट व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |
| १७ | निर्माण कार्यमा संलग्न ठेकेदारलाई कानुन बमोजिम कारवाही गरी निर्माण कार्य अगाडि बढाउन नेपाल सरकारसँग अनुरोध गर्ने। | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाएको, निर्णय भई नआएको। |

प्रदेश विकास समस्या समाधान समितिको छैटौं बैंठक (मिति २०७९ फागुन ५ गते) का निर्णयहरु र कार्यान्वयन स्थिति

| क्र.सं. | छैटौ बैंठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | पाँचौ प्रदेश विकास समस्या समाधान समितिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाबारे पुनरावलोकन। | पाँचौ प्रदेश विकास समस्या समाधान समितिका बैठकका निर्णय मध्य अनुसूची १ मा उल्लेख भए अनुसार आंशिक कार्यान्वयन भएका र कार्यान्वयन नभएका समस्याहरु पूर्ण कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | प्रदेश प्रशासनिक भवन, लोकसेवा आयोग र अन्तराष्ट्रिय सम्मेलन केन्द्रको भवन निर्माण र गोर्खाको च्याङ्लीमा औद्योगिक क्षेत्र स्थापनाको लागि आफ्नो जग्गा नभएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र नापी कार्यालय कास्कीका प्रतिनिधि रहेको एक जग्गा पहिचान तथा प्राप्ति सम्बन्धी कार्य गर्ने समिति बनाई जग्गा प्राप्तिका काम अगाडि बढाउने। |
| ३ | प्रदेश औद्योगिक क्षेत्र स्थापनाको लागि जग्गा नापजाँच भई नेपाल सरकारको नाममा आएको नवलपुरको लोकाहाखोला र कास्की तथा तनहुँको पुँडिटारमा प्रदेश औद्योगिक क्षेत्र निर्माण, मुस्ताङ्गको बारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिका वडा नं २ मा उच्च उचाइ खेलकुद तालिम केन्द्र र तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं ५ बेलचौतारामा शिक्षण अस्पताल स्थापनाको लागि नापजाँच भएको जग्गा प्रदेशको भोगाधिकार भित्र नआएको। | प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरी नेपाल सरकारलाई भोगाधिकार माग गर्ने र जग्गा पहिचान तथा प्राप्ति सम्बन्धी काम गर्ने समितिले जग्गाको भोगाधिकार प्राप्त नभएसम्म संघीय सरकारका निकायसँग समन्वय र पछ्याइ गर्ने। |

| क्र.सं. | छैटौ बैंठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| ४ | प्रदेशले सम्पन्न गरेका आयोजनाको विवरण स्थानीय तहलाई उपलब्ध नहुँदा तथ्याङ्क अद्यावधिक गर्न समस्या भएको। | प्रदेशले सम्पन्न गरेका आयोजनाहरुको विवरण सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने। |
| ५ | प्रदेशले समानीकरण अनुदान दिँदा दुर्गम क्षेत्रका स्थानीय तहमा लाग्ने अतिरिक्त ढुवानी र प्राविधिकको खर्च हिसाब नगरेकोले तराईमा आयोजना सम्पन्न हुने बजेटले पहाडमा र पहाडमा सम्पन्न हुने बजेटले दुर्गम तथा हिमाली क्षेत्रमा सोही प्रकृतिका आयोजना सम्पन्न नहुने गरेको। | गण्डकी प्रदेश भित्रका सबै प्रमुख जिल्ला अधिकारीलाई जिल्ला दररेट तोक्दा जिल्लाको भूगोल र यातायातको पहुँच अनुसार स्थानीय तह अनुसार निर्धारण गर्न लेखिपठाउने र त्यसको बोधार्थ सम्बन्धित जिल्लाका सबै स्थानीय तहलाई दिने। प्रदेशले बजेट विनियोजन गर्दा जिल्लाका दररेटलाई पनि अध्ययन गरेर गर्ने। |
| ६ | भौतिक पूर्वाधारका केही क्षेत्र बाहेक अन्य नयाँ निर्माण तथा पुनः निर्माण गर्नुपर्ने आयोजना र विभिन्न अवधिका तालिम सम्पन्न गर्न लाग्ने लागत भौगोलिक क्षेत्र अनुसार यकिन नहुँदा संघ तथा प्रदेशले दिने समपूरक, विशेष र सशर्तका आयोजनामा आ-आफ्ना सदरमुकामका लागत अनुमान अनुसार बजेट विनियोजन गर्ने गरेकोले पहाडी तथा हिमाली क्षेत्रमा उक्त अनुमान अनुसार आयोजना सम्पन्न हुन नसकेको। | १.भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले प्रदेशका अन्य मन्त्रालय, नीति तथा योजना आयोग र प्रदेश मातहतका अन्य निकायसँग समन्वय गरी विभिन्न निर्माण एकाइको दररेट निर्धारण गर्ने। दररेट निर्धारण गर्दा कम्तीमा पनि तराई, पहाड र हिमालको लागि छुट्टाछुट्टै दररेट निर्धारण गर्ने।<br>२. प्रदेश प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले प्राविधिक तथा अप्राविधिक तालिमको लागि तालिमको किसिम अनुसार प्रतिव्यक्ति प्रतिदिन चाहिने खर्चको लागत अनुमान गर्ने। तालिमको लागत अनुमान गर्दा हिमाल, पहाड र तराईको लागि छुट्टाछुट्टै निर्धारण गर्ने। |
| ७ | स्थानीय तहले ठेक्का सम्झौता गरेका कतिपय आयोजनाका ठेकेदारहरुले मोबिलाइजेसन रकम बुझेपछि आयोजना कार्यान्वयनमा ढिलासुस्ती गर्ने, सम्पर्कमा नआउने र कतिपय अवस्थामा भाग्ने समेत गरेकोले आयोजना निर्धारित लागत र समयमा सम्पन्न गर्न समस्या परेको। | स्थानीय तहका ठेक्का लगाउँदा एक भन्दा बढी आयोजनाको प्याकेज बनाई क वर्गका ठेकेदार आकर्षित हुने गरी ठेक्का लगाउने कार्यविधि बनाउने। |
| ८ | प्रदेशले ठेक्का सम्झौता गरी निर्माण प्रारम्भ गरेका बहुवर्षे सडक आयोजनाहरु समयमै सम्पन्न नहुँदा आवागमनमा कठिनाइ भएको। | १. आयोजना सम्झौता गर्दा आवागमनमा अवरोध नहुने गरी समयमा काम सम्पन्न गर्ने गरी सम्झौता गर्ने।<br>२. बहुवर्षे ठेक्का लागेका अधुरा मुख्य मुख्य सडक आयोजनाहरुलाई बजेट विनियोजनमा प्राथमिकता दिई निर्माण सम्पन्न गर्ने व्यवस्था गर्ने। |
| ९ | प्रदेशका मुख्यमन्त्रीको अध्यक्षतामा गठन भएको प्रदेश समन्वय परिषद्मा ११ जना स्थानीय तहका प्रतिनिधिमात्र रहने व्यवस्था भएकोले समितिमा समावेश नभएका स्थानीय तहका समस्याको सुनुवाइ नभएको भन्ने बाँकी स्थानीय तहको गुनासो रहेको। | १. प्रदेशस्तरीय संयन्त्रहरुको नियमित रुपमा बैठक आयोजना गरी स्थानीय तहका समस्या छलफल गरी समाधान खोज्ने व्यवस्था सुदृढ गर्ने।<br>२. प्रदेशस्तरका संयन्त्रमा स्थानीय तहको सन्तुलित प्रतिनिधित्व गराई नियमित समन्वय गर्ने। |
| १० | बाँझो जग्गा लगायत भूउपयोग सम्बन्धमा स्थानीय तहलाई दिशानिर्देश गर्ने गण्डकी प्रदेशको भूमि व्यवस्था सम्बन्धी ऐन तर्जुमा नभएको। | बाँझो जग्गा लगायत भूउपयोग तथा जग्गा चक्लाबन्दी सम्बन्धी गण्डकी प्रदेशको कानुन बनाउने। |

| क्र.सं. | छैटौ बैंठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| ११ | प्रदेशले बनाउनु पर्ने सडक ऐन, जग्गा प्राप्ति ऐन र बस्ती विकास ऐन हालसम्म तयार हुन नसकेको। | गण्डकी प्रदेशका सडक ऐन, जग्गा प्राप्ति ऐन, र बस्ती विकास ऐन बनाई कार्यान्वयनमा ल्याउने। |
| १२ | जलजला गाउँपालिकामा औद्योगिक ग्राम घोषणा भइसकेको ठाउँ वनको क्षेत्र भित्र पर्छ भनी प्रदेश डिभिजन वन कार्यालयले रोक्का गरेकोले पूर्वाधार निर्माणमा समस्या भएको। | औद्योगिक ग्राम बनाउने क्षेत्रको अनुगमन गरी भौतिक पूर्वाधार निर्माणमा देखिएका समस्या समाधान गर्ने। |
| १३ | प्रदेशले सम्पन्न गरेका आयोजना कत्तिको प्रभावकारी रहे भन्ने सम्बन्धमा अध्ययन गरी स्थानीय तहलाई जानकारी गराउने काम नभएको। | प्रदेशबाट निर्माण सम्पन्न भएका मुख्य मुख्य आयोजनाहरुको प्रभावकारिता अध्ययन गरी सार्वजनिक गर्ने। |
| १४ | मुस्ताङका प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक नहुँदा आधारभूत स्वास्थ्य सेवा पुर्याउन समस्या भएको। | सामाजिक विकास, शिक्षा तथा स्वास्थ्य मन्त्रालयले आवश्यक कार्य गरी चिकित्सक पठाउने व्यवस्था मिलाउने। |
| १५ | बारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिकाको वडा नं १ मा पर्ने मुक्तिनाथ मन्दिरको व्यवस्थापन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिबाट हुने गरेको र उक्त मन्दिरबाट उठेको राजस्वको उचित व्यवस्थापन गरी प्रभावित स्थानीय तहलाई वितरण गर्ने व्यवस्था नभएको। | १.मुक्तिनाथ मन्दिरको सम्बन्धमा स्थलगत अध्ययन गरी गण्डकी प्रदेश सरकार र स्थानीय तहले गर्नुपर्ने कार्यबारे प्रतिवेदन बनाई मुख्यमन्त्रीलाई पेश गर्ने।<br>२.मुक्तिनाथ मन्दिर जस्तै प्रकृतिका अन्य मठ मन्दिरको व्यवस्थापन गर्न प्रदेश सरकारले के गर्नुपर्ने हो सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने। |
| १६ | प्रदेश सरकारले स्वीकृत गरेका साना आयोजनाहरुको सम्झौता गर्न प्रदेश मुकाममा बोलाउने गरेकोले त्यस्ता आयोजनाहरुको स्थानीय उपभोक्ताको खर्च बढ्ने गरेको। | प्रदेश सरकारको लगानीमा कार्यान्वयन हुने साना आयोजनाहरुको सम्झौता जिल्लास्थित सम्बन्धित कार्यालयबाट गर्ने व्यवस्था गर्ने। |
| १७ | भौतिक पूर्वाधार क्षेत्रमा साना खुद्रे आयोजना बढी हुँदा तयारीको समय र प्रशासनिक खर्च बढ्न गई कामको गुणस्तर अनुगमन गर्न समस्या भएको। | भौतिक पूर्वाधार क्षेत्रमा साना तथा खुद्रे आयोजनाहरुको लागि बजेट विनियोजन नगर्ने। प्रदेशले सञ्चालन गर्ने आयोजनाहरु रु. ५० लाख माथिका हुने व्यवस्थाको लागि प्रयास गर्ने। |
| १८ | प्रदेश गौरवको आयोजनाको रुपमा रहेको गण्डकी गाई फार्म आयोजनाले गति लिन नसकेको हुँदा प्रदेश गौरवको आयोजनाको रुपमा अगाडि बढाउने कि नबढाउने भन्ने समस्या रहेको। | संघीय अर्थ र परराष्ट्र मन्त्रालयको समन्वयमा सम्बन्धित पक्षसँग पत्राचार गरी उक्त आयोजना अगाडि बढाउने। |
| १९ | संघबाट २०७९।८० मा कार्यान्वयन हुनेगरी सशर्त कार्यक्रम अन्तर्गत बजेट विभाजन भई २०७९ असार महिनामा प्राप्त योजना तथा कार्यक्रम संघ अन्तर्गतका कार्यालयबाट सञ्चालन हुने भन्ने व्यहोराको पत्र २०७९ कार्तिक महिनामा प्राप्त भएकोले कार्यक्रम सञ्चालन प्रारम्भ गर्दा दायित्व सिर्जना भएको र सो रकम व्यहोर्ने स्रोत नभएको। | संघीय सरकारले फिर्ता लगेका सशर्तका आयोजनाहरु प्रारम्भ गर्दा लागेको खर्चको सोधभर्ना र ठेक्का लागी दायित्व सिर्जना भएका आयोजना पूरा गर्न लाग्ने बजेट संघीय अर्थमन्त्रालयसँग माग गर्ने। |
| २० | प्रदेशले निर्माण गर्ने निर्वाचन क्षेत्र सडक केही ठाउँमा सम्बन्धित स्थानीय तहहरुको समन्वय बिनै तय भएको। | आयोजना छनौट गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी छनौट गर्ने। |

| क्र.सं. | छैटौ बैंठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| २१ | प्रदेश विकास समस्या समाधान समिति र प्रदेश समन्वय समितिका बैठक नियमित बसी प्रदेशले स्थानीय तह र संघबिच समन्वयकारी भूमिका निर्वाह गर्नुपर्नेमा स्थानीय तहले सो अनुरुप अनुभूति नगरेको। | प्रदेशको आफ्नो क्षेत्राधिकार भित्र पर्ने प्रदेश विकास समस्या समाधान समिति र प्रदेश समन्वय समितिका बैठक नियमित गरी प्रदेशले समन्वय गर्नुपर्ने विषयमा स्थानीय तहलाई अनुभूति हुने गरी समन्वय गर्ने। |
| २२ | नारायणी नदीमा पूर्वतर्फ तटबन्ध लगाउने काम सुरु भएको र पश्चिमतर्फ पूर्वी तटमा झै तटबन्ध नहुँदा नारायणी नदी पश्चिमतर्फ मोडिई तटीय क्षेत्रमा जग्गा कटान बढिरहेको। | बाग्मती प्रदेश सरकारसँग समन्वय गर्ने। |
| २३ | दाउन्ने भन्दा तल भारतको सीमासम्म गण्डकी र लुम्बिनी प्रदेशको सीमा प्रष्ट नभएको। | लुम्बिनी प्रदेशसँग समन्वय गर्ने। |
| २४ | कालीगण्डकी नदीबाट ढुङ्गा, गिटी र बालुवा झिक्न सर्वोच्चको आदेशले रोक लगाएकोले तटीय क्षेत्रका स्थानीय तहमा निर्माण सामग्रीको अभाव भएको। | सर्वोच्चको फैसला अध्ययन गरी समस्या समाधान उपायबारे पुनः छलफल गर्ने। |
| २५ | सेती नदी ढुङ्गा, गिटी, र बालुवा उठाउने  ठेकेदारबाट अधिक दोहन भई (उदाहरणको लागि कोत्रे) यसमा बनेका भौतिक संरचनाहरु जस्तै सडक पुल आदि भत्कन थालेको र कुनै क्षेत्रमा तटीय कटान बढेकोले यसको व्यवस्थापन हुन नसकेको। | सेती नदी तटीय क्षेत्रका स्थानीय तहसँग छलफल आयोजना गरी सेती नदीको अत्याधिक दोहन नियन्त्रण गर्न प्रयास गर्ने। |
| २६ | सम्भाव्यता अनुसार प्रदेशको राजस्व उठ्न नसकेको। | |
| | **(क) ढुङ्गा, गिटी, बालुवा,  दहत्तर र बहत्तरको राजस्व सम्बन्धी समस्या।**<br>१. स्थानीय तहले परिमाण तोकेर वार्षिक ठेक्कामा ढुङ्गा, गिटी, बालुवा उठाउन दिने चलन छ। ठेकेदारले कति मात्रामा ढुङ्गा, गिटी बालुवा उठायो भन्ने अनुगमन गर्ने प्रचलन छैन।<br>२. मापदण्ड विपरीत स्थापना भएका क्रसर उद्योगवाट चोरी निकासीको आशंका छ।<br>३. प्रदेशले तोकेको दररेट एक रुपमा कार्यान्वयन भएको छैन।<br>४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ लाई आर्थिक ऐन, २०७५ को दफा ३४ ले खारेज गरिदिंदा ढुङ्गा, गिटी, बालुवा, दहत्तर र बहत्तर को राजस्व स्थानीय तह र प्रदेशमा बाँडफाँटमा अन्यौलता देखिएको छ। | १. गाउँपालिका तथा नगरपालिकाको रोहबरमा ढुङ्गा, गिटी, बालुवा ठेकेदारलाई उठाउन दिने वा नापजाँच गरेर बिक्री वितरण गर्ने व्यवस्था गर्न सबै स्थानीय तहलाई पत्राचार गर्ने।<br>२. मापदण्ड विपरीत स्थापना भएका क्रसर उद्योगलाइ नियमित गर्ने।<br>३. प्रदेशले निर्धारण गरेका दररेट लागु गर्न सबै स्थानीय तहलाई पत्राचार गर्ने।<br>४. संघीय सरकारलाई ढुङ्गा, गिटी, बालुवा, दहत्तर र बहत्तर को राजस्व स्थानीय तह र प्रदेशमा बाँडफाँटमा देखिएको अन्यौलता हटाउन लेखी पठाउने। |

| क्र.सं. | छैटौ बैंठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | **(ग) मनोरञ्जन कर**<br>१. सिनेमा, डकुमेन्ट्री, मेला, महोत्सव, नाचगृह, फनपार्क आदिमा स्थानीय सरकारसँग मिली मनोरञ्जन कर लगाउन सकिनेमा अधिकांश स्थानीय तहमा यो कर नलगाइएको।<br>२. डुङ्गा, र्याफ्टिङ्, बन्जीजम्प, प्याराग्लाइडिङ्ग, खेल दर्शन, गायन महोत्सव, तिरेर पाइने टिभी सेवा आदि कार्यक्रममा पर्यटन शुल्कसँग नदोहोरिने गरी मनोरञ्जन कर लगाउन सकिनेमा नलगाइएको।<br>३. प्रदेशले निर्माण गरेका पर्यटक पूर्वाधारमा मनोरञ्जन कर लगाउन सकिनेमा नलगाइएको।<br>४. नगरपालिकाहरुमा कर लगाउने विधिबारे जनतालाई पर्याप्त प्रशिक्षण नभएको। | १. मनोरञ्जन कर लगाउनेबारे सबै स्थानीय तहलाई पत्राचार गर्ने।<br>२. मनोरञ्जन करबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| | **(घ) विज्ञापन कर**<br>१. एफएममा प्रशारण हुने विज्ञापनमा विज्ञापन कर लगाउन सकिनेमा नलगाइएको।<br>२. छापाहरुमा हुने (किताब, मुखपत्र, पत्रिका) विज्ञापनहरुमा कर लगाउन सकिनेमा नलगाइएको। | १. विज्ञापन कर लगाउनेबारे सबै स्थानीय तहलाई पत्राचार गर्ने।<br>२. विज्ञापन करबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| | **(ङ) घरजग्गा रजिष्ट्रेसन शुल्क**<br>घर जग्गाको सरकारी मूल्याङ्कन बजार मूल्य भन्दा निकै कम रहेको। | १. घर जग्गाको मूल्याङ्कन दर पुनरावलोकन गरी समय सान्दर्भिक बनाउने सन्दर्भमा सबै स्थानीय तहसँग समन्वय गर्ने।<br>२. भौतिक पूर्वाधारको विस्तारसँगै घर जग्गाको मूल्याङ्कन दरमा पुनरावलोकन गर्ने प्रक्रिया नियमित गर्नेबारे स्थानीय तहसँग समन्वय गर्ने। |

प्रदेश विकास समस्या समाधान समितिको छैटौं बैंठक (मिति २०७९ फागुन ५ गते) बाट पारित संघीय सरकारमा समस्या समाधानको लागि लेखी पठाउने समस्या समाधानका उपायहरु

| क्र.सं | समस्या | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | प्रदेश प्रशासनिक भवन, लोकसेवा आयोग र अन्तराष्ट्रिय सम्मेलन केन्द्रको भवन निर्माण र गोर्खाको च्याङ्लीमा औद्योगिक क्षेत्र स्थापनाको लागि आफ्नो जग्गा नभएको। | जग्गा प्राप्ति सम्बन्धी ऐन, २०३४ संशोधन गरी जग्गा भोगाधिकारको अधिकार प्रदेश सरकार मातहत ल्याउन संघ सरकारसँग अनुरोध गर्ने। |
| २ | प्रदेश औद्योगिक क्षेत्र स्थापनाको लागि जग्गा नापजाँच भई नेपाल सरकारको नाममा आएको नवलपुरको लोकाहाखोला र कास्की तथा तनहुँको पुँडिटारमा प्रदेश औद्योगिक क्षेत्र निर्माण, मुस्ताङ्गको बारागुङ्ग मुक्तिक्षेत्र गाउँपालिका वडा नं २ मा उच्च उचाइ खेलकुद तालिम केन्द्र र तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं ५ बेलचौतारामा शिक्षण अस्पताल स्थापनाको लागि नापजाँच भएको जग्गा प्रदेशको भोगाधिकार भित्र नआएको। | |

| क्र.सं | समस्या | निर्णयको व्यहोरा |
|---|---|---|
| ३ | संघले प्रदेशभित्र निर्माण सम्पन्न गरेका आयोजनाको विवरण प्रदेशलाई र संघ तथा प्रदेशले सम्पन्न गरेका आयोजनाको विवरण स्थानीय तहलाई उपलब्ध नहुँदा तथ्याङ्क अद्यावधिक गर्न समस्या भएको। | संघीय मन्त्रालयहरूले प्रदेश तथा स्थानीय तहमा निर्माण सम्पन्न गरेका आयोजनाहरूको विवरण प्रदेश तथा सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्थाको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखिपठाउने। |
| ४ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समानीकरण अनुदान दिने फर्मुला बनाउँदा दुर्गम क्षेत्रका स्थानीय तहमा लाग्ने अतिरिक्त ढुवानी र प्राविधिकको खर्च हिसाब नगरेकाले तराईमा आयोजना सम्पन्न हुने बजेटले पहाडमा र पहाडमा सम्पन्न हुने बजेटले दुर्गम तथा हिमाली क्षेत्रमा सोही प्रकृतिका आयोजना सम्पन्न नहुने गरेको। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समानीकरण अनुदान दिने फर्मुला बनाउँदा दुर्गम क्षेत्रमा विकास आयोजनाको निर्माण सम्पन्न गर्दा लाग्ने अतिरिक्त ढुवानी र प्राविधिकको खर्च हिसाब गर्ने व्यवस्था अवलम्बन गर्न सुझाव पठाउने। |
| ५ | स्थानीय तहले ठेक्का सम्झौता गरेका कतिपय आयोजनाका ठेकेदारहरूले मोबिलाइजेसन रकम बुझेपछि आयोजना कार्यान्वयनमा ढिलासुस्ती गर्ने, सम्पर्कमा नआउने, र कतिपय अवस्थामा भाग्ने समेत गरेकाले आयोजना निर्धारित लागत र समयमा सम्पन्न गर्न समस्या परेको। | खरिद ऐन संशोधन गरी घटिघटाउको न्यूनतमा सीमा तोक्नको लागि नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ६ | प्रधानमन्त्री अध्यक्ष र गृह, अर्थ र मुख्यमन्त्रीहरू सदस्य हुने अन्तरप्रदेश समन्वय परिषद्मा स्थानीय तहको प्रतिनिधित्व नभएको। संघ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने राष्ट्रिय समन्वय परिषद्को बैठक नियमित नभएको। संघीय अर्थमन्त्रीको संयोजकत्वमा रहेको अन्तर सरकारी वित्त परिषद्मा स्थानीय तहको सीमित प्रतिनिधित्व रहेको। माथि उल्लेखित समितिमा समावेश नभएका स्थानीय तहका समस्याको सुनुवाइ नभएको भन्ने बाँकी स्थानीय तहको गुनासो रहेको। | संघीय तहले आयोजना गर्ने अन्तरप्रदेश समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद् र अन्तर सरकारी वित्त परिषद्का बैठक नियमित गर्न संघीय सरकारलाई अनुरोध गर्ने। |
| ७ | संघीय सार्वजनिक सडक ऐन २०३१, जग्गा प्राप्ति ऐन २०३४, यातायात व्यवस्था ऐन २०४९, यातायात नीति २०५८, निजामती सेवा ऐन २०६४ समयानुकूल संघीयताको मर्म अनुसार परिमार्जन नहुनु। | संघीय सरकारमा पठाइसकेको हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पुनः फलोअप गर्ने। |
| ८ | प्रदेशमा सवारी लाइसेन्स प्रिन्ट गर्ने स्मार्ट प्रिन्टर नहुनु। | संघीय सरकारसँग समन्वय गरी प्रदेशमा सवारी लाइसेन्स प्रिन्ट गर्ने स्मार्ट प्रिन्टर ल्याउन प्रयास गर्ने। |
| ९ | संघबाट २०७९।८० मा कार्यान्वयन हुनेगरी सशर्त कार्यक्रम अन्तर्गत बजेट विभाजन भई २०७९ असार महिनामा प्राप्त योजना तथा कार्यक्रम संघ अन्तर्गतका कार्यालयबाट सञ्चालन हुने भन्ने व्यहोराको पत्र २०७९ कार्तिक महिनामा प्राप्त भएकोले कार्यक्रम सञ्चालन प्रारम्भ गर्दा दायित्व सिर्जना भएको र सो रकम व्यहोर्ने स्रोत नभएको। | संघीय सरकारले फिर्ता लगेका सशर्तका आयोजनाहरू प्रारम्भ गर्दा लागेको खर्चको सोधभर्ना र ठेक्का लागि दायित्व सिर्जना भएका आयोजना पूरा गर्न लाग्ने बजेट संघीय अर्थमन्त्रालयसँग माग गर्ने। |

| क्र.सं | समस्या | निर्णयको व्यहोरा |
|---|---|---|
| १० | स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन मूल्याङ्कनमा स्थानीय तहको केही भूमिका नभएकाले उनीहरू स्थानीय तह प्रति उत्तरदायी हुने प्रवृतिमा कमी आएको। | संघीय निजामति सेवा ऐन बनाउँदा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन मूल्याङ्कनमा १०% नम्बर स्थानीय तहका प्रमुख/अध्यक्षले दिने व्यवस्था गर्न लेखिपठाउने। |
| ११ | स्थानीय तहमा काम गर्ने प्रमुख प्रशासकीय अधिकृत कतै शाखा अधिकृत र कतै उपसचिव हुने गरेकाले एकरुपता हुन नसकेको। | संघीय निजामति सेवा ऐन बनाउँदा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत न्यूनतम उपसचिव र  नगरपालिकाको हकमा जनसङ्ख्या, भौगोलिक फैलावट, र बजेटको आकार हेरी उपसचिव देखि विशिष्ट श्रेणीको प्रमुख प्रशासकीय अधिकृत तोक्ने व्यवस्था हुन संघमा लेखी पठाउने। |
| १२ | संघ, प्रदेश, र स्थानीय तहका योजनाबिच दोहोरोपना हटाउने व्यवस्था तथा संयन्त्र निर्माण नहुँदा दोहोरोपना देखिएको। | तीनतहका सरकारले कार्यान्वयन गर्ने योजनाको वर्गीकरण गर्न संघलाई लेखी पठाउने। |
| १३ | राष्ट्रिय प्राकृतिक वनको व्यवस्थापन  प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने र अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र, र पञ्चासे संरक्षित वन गण्डकी प्रदेशको प्राकृतिक वन भित्र पर्ने भए तापनि यिनको व्यवस्थापन राष्ट्रिय प्रकृति संरक्षण कोषले गर्दै आएकाले उक्त  क्षेत्रहरूको व्यवस्थापन प्रदेशलाई हस्तान्तरण गर्न अनुरोध भएपनि सो हुन नसकेको। | संघीय सरकारसँग उक्त संरक्षण क्षेत्रहरूको व्यवस्थापन प्रदेश सरकारलाई हस्तान्तरण गर्न पुनः माग गर्ने।<br>रत्नमन्दिर र हिमानीगृहको व्यवस्थापन प्रदेश मातहत ल्याई सर्वसाधारणको लागि खुला राख्नेबारे संघीय सरकारसँग फलोअप गर्ने। |
| १४ | म्याग्दी जिल्लाका केही स्थानमा अधिकांश जमिन गुठी अन्तर्गत भएकाले भूमि व्यवस्थापना समस्या रहेको। | गुठी जग्गालाई रैकरमा बदल्ने तथा अन्य गुठी जग्गा सम्बन्धी समस्या समाधानको लागि संघीय सरकारलाई अनुरोध गर्ने। |
| १५ | संघीय सरकारबाट हाल सामुदायिक विद्यालयमा दिएको दिवा खाजाको रकम प्रति विद्यार्थी दैनिक रु. १५ मात्र रहेको र यो रकम अपर्याप्त भएकाले आफ्नो स्रोत भएका स्थानीय तहले केही रकम थप गरी व्यवस्थापन गरेका तर आफ्नो स्रोत नभएका दुर्गम क्षेत्रका स्थानीय तहमा रकम थप गर्न नसक्ने अवस्था रहेकाले विनियोजित रकमले सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्थापन गर्न समस्या भएको। | संघीय शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयलाई दिवा खाजाको रकम पुनरावलोकन गर्न अनुरोध गर्ने। |
| १६ | संघीय सरकारले रासायनिक मलको कोटा तोक्दा गण्डकी प्रदेशलाई न्यूनकोटा तोकेको हुँदा रासायनिक मलको अभाव देखिएको। | संघीय कृषि तथा पशुपन्छी मन्त्रालयलाई रासायनिक मलको कोटा बढाउन अनुरोध गर्ने। |

**अनुसूची-५ः गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्ण बैठकका निर्णयहरू**

**चौधौं पूर्ण बैठक**

**छलफल तथा निर्णयः**

**निर्णय नं. १**

प्रथम पञ्चवर्षीय योजनाको हालसम्मको प्रगतिको समग्र समीक्षा गरियो। योजनाको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रही अपेक्षित उपलब्धि हासिल गर्न सरोकारवालाहरूबिच सहकार्यलाई प्रभावकारी बनाउने।

**निर्णय नं. २**

प्रदेशका समष्टिगत आर्थिक सूचकहरू समीक्षा गर्दा मूलतः उद्योग तथा उत्पादनमूलक क्षेत्र र भौतिक पूर्वाधार क्षेत्र कमजोर देखिएकोले आगामी वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा ती क्षेत्रलाई विशेष प्राथमिकता दिँदै सूचकहरू कमजोर भएका क्षेत्रहरूलाई समेत प्राथमिकता दिन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने।

**निर्णय नं. ३**

दोस्रो पञ्चवर्षीय योजनाको प्रारम्भिक तयारीको बारेमा समीक्षा गरियो। प्रदेश समृद्धिका संवाहक क्षेत्रहरूलाई केन्द्रित गर्दै सम्बन्धित मन्त्रालय, व्यावसायिक संस्था, निजी क्षेत्र, सहकारी, सामुदायिक क्षेत्र तथा अन्य सरोकारवालाहरूसँग परामर्श समेत गरी योजना निर्माणको प्रक्रियालाई अगाडि बढाउने।

**निर्णय नं. ४**

माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्षज्यूबाट बैठकमा सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद दिनुभयो।

**पन्ध्रौं पूर्ण बैठक**

**छलफल तथा निर्णयः**

**निर्णय नं. १**

आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम तथा बजेटको सीमा स्वीकृत गरी विषयगत मन्त्रालयलाई पठाउने निर्णय गरियो।

| क्र.सं. | मन्त्रालयको नाम | आर्थिक वर्ष ०८०।८१ को बजेट सीमा (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश सभा (व्यवस्थापिका) | १५५००० | |
| २ | प्रदेश लोकसेवा आयोग | १३५९४२ | |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १५८८९ | |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०३०००० | प्रदेश प्रशिक्षण प्रतिष्ठान समेत |
| ५ | आर्थिक मामिला मन्त्रालय (भूमि व्यवस्था, सहकारी र गरिबी निवारण सहित) | २५०००० | |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १९५०००० | ताल प्राधिकरण समेत |
| ७ | कृषि, उर्जा, तथा जलस्रोत मन्त्रालय | ७६४०००० | निर्वाचन क्षेत्र कृषि सडक र दुग्ध विकास बोर्ड समेत |

| क्र.सं. | मन्त्रालयको नाम | आर्थिक वर्ष ०८०।८१ को बजेट सीमा (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| ८ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४४०००० | |
| ९ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ५६६०००० | गण्डकी विश्वविद्यालय, गण्डकी प्राविधिक प्रतिष्ठान, प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताल, प्रदेश प्रज्ञा प्रतिष्ठान र गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान समेत |
| १० | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | १२००८९६९ | पूर्वाधार विकास कार्यक्रम समेत |
| ११ | प्रदेश नीति तथा योजना आयोग | ६०००० | |
| १३ | वित्तीय व्यवस्था | ५००००० | |
| १४ | अर्थ विविध | १४९०२०० | |
| १५ | स्थानीय तहलाई समपुरक, सशर्त र बिशेष अनुदान | २१२०००० | |
| १६ | स्थानीय तहसँगको साझेदारी कार्यक्रम | ४००००० | |
| | जम्मा | ३३८५६००० | |

**सोह्रौं पूर्ण बैठक**

**छलफल तथा निर्णयः**

**निर्णय नं. १**

आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम तथा बजेटको सीमा परिमार्जन गरी विषयगत मन्त्रालयलाई पठाउने।

| क्र.सं. | मन्त्रालय/ निकाय | आर्थिक वर्ष २०८०।८१ को बजेट सीमा (रु. हजारमा) |
|---|---|---|
| १ | प्रदेश व्यवस्थापिका | १५५००० |
| २ | प्रदेश लोकसेवा आयोग | १३६००० |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १६००० |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १२५०००० |
| ५ | आर्थिक मामिला मन्त्रालय | २१३००० |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५४०००० |
| ७ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २५००००० |
| ८ | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ५२५०००० |
| ९ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ५४११००० |
| १० | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ११५००००० |
| ११ | प्रदेश नीति तथा योजना आयोग | ६५००० |
| १२ | वित्तीय व्यवस्था | ५००००० |

| क्र.सं. | मन्त्रालय/ निकाय | आर्थिक वर्ष २०८०।८१ को बजेट सीमा (रु. हजारमा) |
|---|---|---|
| १३ | अर्थ विविध | २७६०००० |
| १४ | स्थानीय तहलाई समपुरक, सशर्त र बिशेष अनुदान | २१६०००० |
| १५ | स्थानीय तहसँगको साझेदारी कार्यक्रम | ४००००० |
| | जम्मा | ३३८५६००० |

**निर्णय नं. २**

निर्णय नं १ बमोजिमको सीमाभित्र रही प्रदेश नीति तथा योजना आयोगको नियमित बैठकबाट आगामी आ.व. २०८०/८१ को चालु, पुंजीगत तथा वित्तीय व्यवस्था र मध्यमकालीन खर्च संरचना अन्तर्गत आ.व २०८१/८२ र २०८२/८३ को स्रोत सहितको सीमा प्रक्षेपण गरी विषयगत मन्त्रालय तथा निकायहरूलाई पठाउन निर्देशन दिने।

**सत्रौं पूर्ण बैठक**

**छलफल तथा निर्णयः**

**निर्णय नं. १**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को परिच्छेद ३ दफा ५ बमोजिम गण्डकी प्रदेश नीति तथा योजना आयोगद्वारा तर्जुमा गरिएको आर्थिक वर्ष २०८०/८१ - २०८२/८३ को गण्डकी प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने।

**निर्णय नं. २**

आर्थिक वर्ष २०८०/८१ को बजेट स्रोत अनुमान समितिले बजेट सीमा ३३ अर्ब ५० करोड ६० लाख कायम गरी सिफारिस गरेकोमा सोको अनुमोदन गरियो।

साथै आ.व. २०७९।८० मा आयोगका विभिन्न २७ वटा नियमित  बैठकहरू सम्पन्न भएका छन्।

## अनुसूची-६ः प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिका बैठकका निर्णयहरू

**२०७९।०७।२४ गते सम्पन्न प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको नवौं बैठकका निर्णयहरूः**

**निर्णय नं. १ः** बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बहुक्षेत्रीय पोषण कार्यक्रमबाट गत आ.व. २०७८/७९ मा सम्पादित कार्यक्रम तथा क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगतिको प्रस्तुतीकरण सहितको वार्षिक समीक्षा गरियो।

**निर्णय नं. २ः** बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) को प्रभावकारी कार्यान्वयनका लागि भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चालु आ.व. २०७९/८० का लागि समावेश गरिएका पोषण सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरूको बारेमा छलफल भयो। साथै मन्त्रालयहरूबाट पेश भएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि यस समितिले केही फिल्डस्तरमै गएर अनुगमन गर्ने र कार्यक्रमका सफल अभ्यासहरू साथै समस्याहरूलाई यस समितिमा छलफलमा ल्याउनका लागि सम्बन्धित विषयगत मन्त्रालयहरूलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तहको साझेदारीमा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमको चालु आ.व.मा सन्चालन हुने कार्यक्रमको बारेमा समितिमा छलफल भयो। साथै सो कार्यक्रम नवलपरासी ब.सू.पू. का ८ वटै स्थानीय तहमा पूर्ण प्याकेज कार्यक्रम, गोरखा जिल्लाको गण्डकी गाउँपालिकामा चेपाङ्ग पोषण विशेष कार्यक्रम र बाँकी सबै जिल्लाका ७६ वटा स्थानीय तहमा आंशिक प्याकेज कार्यक्रम कार्यान्वयनमा रहेको कुरा समितिमा जानकारी भयो। सो कार्यक्रमको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन समितिबाट समय समयमा स्थलगत अनुगमन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ः** स्थानीय तहमा गठन भएका गाउँपालिका - नगरपालिकास्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिका पदाधिकारीहरू सबै नवनिर्वाचित भएकोले समितिको नियमित बैठक तथा क्रियाशिलतामा कमि आएका पाइएकोले यथासम्भव छिटो स्थानीय तहका  नवनिर्वाचित जनप्रतिनिधि र शाखा प्रमुखहरूलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धी क्षमता विकासका कार्यक्रम स्थानीय तहस्तरमा नै सञ्चालन गर्ने सोका लागि प्राविधिक सहयोग र सहजीकरण प्रदेश नीति तथा योजना आयोग र बहुक्षेत्रीय पोषण कार्यक्रमबाट संयुक्त रुपमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विशेष अनुदान तर्फको आमा तथा बालबालिकाको पोषण सुधार आयोजनाको रकम बाडफाँट गरी प्रस्ताव गरिएको कार्यक्रमका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको कार्यक्रम समावेश गरी पेश गर्ने निर्णय गरियो।

क. सबै स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधि र शाखा प्रमुखहरूलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धी क्षमता विकास तालिम अभिमुखीकरण - स्थानीय तह स्तरमा।

ख. प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको बैठक।

ग. प्रदेशस्तरमा पोषण सम्बन्धी प्रचार प्रसार तथा होडिङ्गबोर्ड निर्माण।

घ. सबै जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखीकरण।

ङ. प्रदेशको पोषण प्रोफायल निर्माण।

च. बहुक्षेत्रीय पोषण योजनाको फिल्ड अनुगमन - संयुक्त अनुगमन।

छ. बहुक्षेत्रीय पोषण योजनाको अर्धवार्षिक तथा वार्षिक समीक्षा।

ज. प्रदेश सभाका प्रदेश मामिला समितिकाका पदाधिकारी तथा प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिका नयाँ आउने पदाधिकारीलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण।

**२०७९।१२।२२ गते बुधबारका दिन बसेको गण्डकी प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको दशौं बैठकका निर्णयहरूः**

**निर्णय नं. १ः** बहुक्षेत्रीय पोषण योजना (दोस्रो) सँग सम्बन्धित प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको विशेष अनुदान तर्फको आमा तथा बालबालिकाको पोषण सुधार आयोजना र अन्य नियमित कार्यक्रम, कृषि, उर्जा तथा जलश्रोत मन्त्रालयको ग्रामीण पोषण संरक्षण कार्यक्रमको साथै अन्य नियमित कार्यक्रम सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको साझेदारीमा स्थानीय तहमा कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमबाट चालु आ.व. मा सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरूको प्रस्तुतीकरण सहित समीक्षा गरियो। साथै यी कार्यक्रमहरूको संयुक्त फिल्ड अनुगमन गर्नका लागि प्रदेश नीति तथा योजना आयोगले समन्वय गर्ने।

**निर्णय नं. २ः** बहुक्षेत्रीय पोषण योजनाको मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्नका लागि विशेषगरी ५ वर्षमुनिका बालबालिका, गर्भवती र सुत्केरी (सुनौलो हजार दिनका आमा) तथा किशोरीहरूको पोषण सुधारका लागि आ.व. २०८०-८१ मा प्रदेशको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकता दिने निर्णय गरियो।

**निर्णय नं. ३ः** प्रदेश नीति तथा योजना आयोग र सबै मन्त्रालयहरूले बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि सम्पर्क व्यक्ति तोक्ने।

**निर्णय नं. ४ः** विषयगत मन्त्रालयहरूले पोषणमैत्री स्थानीय शासनका सूचकहरूको विवरण अध्यावधिक गरी कार्यान्वयनका लागि स्थानीय तहलाई सघाउने।

**निर्णय नं. ५ः** प्रदेशमा पोषणको स्थितिबारे सूचना अध्यावधिक गर्न सम्बन्धित विषयगत मन्त्रालयले आ-आफ्नो क्षेत्रका पोषणको स्थिति मापन गर्ने उपसूचक बनाई मापन गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. ५ः** प्रदेश सरकारका सम्बन्धित विषयगत मन्त्रालयहरूले स्थानीय तहसँग साझेदारी गरी बहुक्षेत्रीय पोषण योजनालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

## अनुसूची-७: प्रथम पञ्चवर्षीय योजनाको नतिजा खाकाको प्रगति

सूचकहरुको विद्यमान स्थिति तथा आगामी तीन क्रमिक वर्षहरुको लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान (Contribution of Agriculture and Non-Agriculture Sector)** | | | | | | | |
| १ | कृषि | प्रतिशत | २६.८ | २५.९ | २४.८ | २३.७ | २३.७ |
| २ | गैर कृषि | प्रतिशत | ७३.२ | ७४.१ | ७५.२ | ७६.३ | ७६.३ |
| **अर्थतन्त्रमा क्षेत्रगत योगदान (Sectoral Contribution to Economy)** | | | | | | | |
| ३ | प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा उत्खनन्) | प्रतिशत | २७.६ | २६.६ | २५.३ | २३.७ | २२ |
| ४ | द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्यास, पानी र निर्माण) | प्रतिशत | १७.७ | १७.३ | १९.९ | २२.४ | २५ |
| ५ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५४.७ | ५६.१ | ५४.८ | ५३.९ | ५३ |
| **सरकारी वित्त (Public Finance)** | | | | | | | |
| ६ | कुल गार्हस्थ उत्पादनको अनुपातमा वार्षिक बजेट | अनुपात | १४.४ | १३.४ | १४.२ | १४.२ | १४.२ |
| ७ | बजेटमा पुँजीगत र चालु विनियोजनको अनुपात | अनुपात | १.२८:१ | १.६०:१ | १.६०:१ | १.६०:१ | १.६०:१ |
| ८ | वार्षिक विनियोजन मध्ये कुल खर्च | प्रतिशत | ७६ | ८५ | ९९ | ९९ | ९९ |
| ९ | वार्षिक विनियोजन मध्ये पुँजीगत खर्च | प्रतिशत | ६८.५४ | ९० | ९५ | ९५ | ९५ |
| १० | वार्षिक विनियोजन मध्ये चालु खर्च | प्रतिशत | ७०.६१ | ९० | ९३ | ९५ | ९५ |
| ११ | संघीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको कुल गार्हस्थ उत्पादनको अनुपातमा) | प्रतिशत | ३.५ | ३.४ | ५.९ | ६ | ६ |
| १२ | संघीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको हिस्सा) | प्रतिशत | १२.७ | १२.९ | १३ | १३ | १३ |
| १३ | राजस्व बाँडफाँटको अंश | प्रतिशत | १२.९ | १२.९ | १२.९ | १२.९ | १२.९ |
| १४ | प्रदेशको बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने स्रोत) | प्रतिशत | ४८.३६ | ४८.३६ | ५० | ५० | ५० |
| १५ | प्रदेशको बजेटबाट स्थानीय तहमा जाने अनुदानका लागि जाने विनियोजन | प्रतिशत | ८.९ | ८ | ७.५ | ७ | ६.५ |
| **वित्तीय क्षेत्र (Financial Sector)** | | | | | | | |
| १६ | जनसंख्या प्रति बैंक तथा वित्तीय संस्थाको शाखा | जना | १७७८ | १७३६ | १६५० | १६०० | १६०० |
| १७ | प्रति स्थानीय तह बैंक र वित्तीय संस्थाको शाखा | संख्या | १६.४ | १६.७ | २३.५५ | २६.५५ | २६.५५ |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ |
| १८ | वाणिज्य बैंकको उपस्थिति रहेका स्थानीय तह | संख्या | ८५ | ८५ | ८५ | ८५ | ८५ |
